अर्थमन्त्री खनालले कार्यान्वयन गर्ने भनेको प्रतिवेदनमा के छ ? पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २७ •अंक ११९ • २०८२ साल भाद्र ३१ गते मंगलबार (16 September, Tuesday, 2025) •पृष्ठ ८ •मूल्य रु. ५।-

## राजनीतिक अस्थिरता र वैधानिकताको प्रश्न

# मुख्यमन्त्रीको हठले प्रदेश सरकारमाथि निम्तिएको संकट

**टुडे समाचारदाता**

जनकपुरधाम । मुख्यमन्त्री सतीशकुमार सिंहको हठवादिताले मधेश प्रदेशको राजनीतिक निकासदेखि अन्य संयन्त्रहरुको संचालन एवं व्यवस्थापनमा जटिलता उत्पन्न भएको छ ।

जनमत पार्टीले मधेश प्रदेश सरकारलाई दिएको समर्थनसहित सरकारबाट फिर्ता भएको जनाउँदै मुख्यमन्त्री सिंहलाई राजीनामा दिन दबाब दिए पनि उनले राजीनामा दिनमा आनाकानी गरिरहेका छन् ।

जनमत पार्टीबाट मुख्यमन्त्री बनेका सिंहले पार्टीको निर्णय विपरीत राजीनामा नदिएपछि आइतबार पार्टीको मधेश प्रदेश संसदीय दलका नेता महेशप्रसाद यादवले प्रदेश प्रमुखको कार्यालय र सो कार्यालयका निमित्त सचिव शत्रुधन यादवलाई समेत ह्वाट्स एवं इमेलको माध्यमबाट सरकारबाट मुख्यमन्त्री तथा मन्त्रीसमेतलाई फिर्ता बोलाएको भन्दै पत्राचार गरेका थिए ।

सो पत्राचारसहित सार्वजनिक भएपछि मुख्यमन्त्री सिंहले संसदीय दलका नेता यादवलाई सोमबार राजीनामा दिने भनेर वचन दिएको बताइएका थिए । तर अन्तिमससमयसम्म पनि उनले राजीनामा नदिएको भन्दै सत्तागठबन्धन दलका एक नेताले चिन्ता व्यक्त गरे ।

मधेश प्रदेशमा मुख्यमन्त्री सिंहले एकपटक राजीनामा दिएर अर्को पटक





सामाजिक सञ्जालमार्फत आफूले राजीनामा नदिएकाले आफू नै मुख्यमन्त्री रहेको दाबी गरेपछि अहिले मधेश प्रदेश सरकार छ कि छैन भन्नेबारे अझै पनि अन्योल कायमै रहेको छ । प्रदेश सरकारको नेतृत्व गरिरहेको जनमतले आफ्नो मुख्यमन्त्री तथा मन्त्रीहरूलाई फिर्ता बोलाउने निर्णय गरेपछि मधशे प्रदेश झनै सरकारविहीन बनेको छ ।

जनमतले आफ्नो दललाई प्रदेश सरकारबाट फिर्ता बोलाएको दुई दिन नबित्दै प्रदेशमा सरकार निर्माणबारे अहिलेसम्म कुनै प्रक्रिया थालिएको छैन । जबकी सोमबार नयाँ सरकार गठनका लागि प्रदेश प्रमुखले आह्वान गर्ने चर्चापरिचर्चा चलेको थियो ।

यद्यपि मुख्यमन्त्री सिंहले लिखित रूपमा प्रदेश प्रमुखको कार्यालयमा राजीनामा नबुझाएका कारण नयाँ सरकार निर्माणमा अन्योल बढेको जनाइएको छ । प्रदेश सभामा सहभागी दलहरू मुख्यमन्त्रीको औपचारिक राजीनामा प्रतीक्षामा छन् ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्का एक कर्मचारीका अनुसार जेन- जी आन्दोलनको क्रममा एकाबिहानै मुख्यमन्त्री सिंहले मधेश प्रदेशका मधेश प्रहरी प्रमुख, सशस्त्र प्रहरीका मधेश प्रदेश प्रमुख, राष्ट्रिय अनुसन्धानका मधेश प्रदेशका प्रमुख, नेपाली सेनासहितसंग मधेश प्रदेश सुरक्षा समितिको बैठक गरेका थिए ।

उक्त बैठकमा सुरक्षा निकायका प्रमुखहरूले सुरक्षा थ्रेट उच्च रहेकाले सम्हाल्न नसक्ने भन्दै जानकारी दिएपछि मुख्यमन्त्री सिंह अत्तालिएर हठात मनस्थितिमा राजीनामा दिन पुगेको उनी निकट एक नेताले जानकारी दिए ।

जेन- जी आन्दोलनकै क्रममा अर्कोतर्फ जनमतका अध्यक्ष डा. सीके राउतलाई प्रधानमन्त्रीको रुपमा अघि सार्दै आन्दोलनमा समर्थन जनाउँदै सामाजिक सञ्जालमार्फत राउतका अनेकन पोस्टहरु उनका कार्यकर्ताहरुले गरिरहेका थिए ।

त्यसैले पनि मुख्यमन्त्री सिंहले जेन- जी आन्दोलनलाई समर्थन गर्दै अध्यक्ष राउतको माहोल बनाउनका लागि सामाजिक सञ्जालको माध्यमबाट राजीनामा दिएको स्रोतको भनाइ छ ।

अर्कोतर्फ सामाजिक सञ्जालमा अब देशको नेतृत्वको जिम्मा अध्यक्ष राउतलाई नै दिनुपर्छ भनेर निरन्तर रुपमा उनका कार्यकर्ताहरुले टिकटकमासमेत पोस्टहरू गरिरहेका थिए । जेन-जी आन्दोलनकारीको समर्थनमा प्रदेश सरकारबाट अलग हुँदा संघीय सरकारमा प्रधानमन्त्री बन्ने आशमा अध्यक्ष राउतले मुख्यमन्त्री सिंहलाई बलि बनाएको बताइन्छ ।

उनले सत्तागठबन्धन दललाई राजीनामाबारे जानकारी नै नदिइ गुपचुपमा रुपमा नेपाल छाडेर भारतमा आश्रय लिन पुगेका थिए ।

भारतमै रहँदा जेन-जी आन्दोलन सफल भएपछि उनी नेपाल फर्केर पुनः सामाजिक सञ्जालमा आफू नै मुख्यमन्त्री रहेको दाबी गरे ।

आन्दोलनकारीहरुले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आगजनी गरेपछि अहिलेसम्म मुख्यमन्त्री सिंहले स्थलगत अवलोकनसमेत गरेका छैनन् ।









# मोटरसाइकल दुर्घटनामा एक जनाको मृत्यु

**टुडे समाचारदाता**

राजविराज । सप्तरीमा मोटरसाइकल दुर्घटनामा परी एक जनाको मृत्यु भएको छ भने एक जना घाइते भएको जनाइएको छ।

रौतहटको सुरुंगा नगरपालिकामा डिभाइडरमा ठोक्किएर मोटरसाइकल दुर्घटना हुँदा सोही नगरपालिका वडा नम्बर ५ स्थित जिनिस अस्पताल नजिकै भएको मोटरसाइकल दुर्घटनामा एक जनाको मृत्यु भएको छ भने अर्का एक जना घाइते भएको छ।



पूर्व-पश्चिम राजमार्गमा कुशहादेखि कदमाहातर्फ जाँदै गरेको मधेश प्रदेश-०१-००५-प ५५११ नम्बरको मोटरसाइकल सडकमा राखिएको डिभाइडरमा ठोक्किँदा भएको दुर्घटनामा मोटरसाइकल चालक सुरुंगा नगरपालिका-९ स्थित परमानपुरका ३० वर्षीय अनिलकुमार चौधरीको मृत्यु भएको सप्तरी प्रहरीका प्रवक्तासमेत रहेका प्रहरी नायब उपरीक्षक जितेन्द्रकुमार बस्नेतले जानकारी दिए।

उक्त दुर्घटनामा गम्भीर घाइते भएका चौधरीको जिनिस अस्पतालमा उपचारको क्रममा चिकित्सकले मृत घोषणा गरेको उनले बताए।

मोटरसाइकलमा सवार रहेका सुरुंगा नगरपालिका- ७ स्थित चकदह टोलका १८ वर्षीय राधेश्याम चौधरी घाइते भएका छन् । उनको त्यहाँ जिनिस अस्पतालमै उपचार भइरहेको र अवस्था मध्यम रहेको प्रहरी नायब उपरीक्षक बस्नेतले बताए।

मोटरसाइकललाई प्रहरीले नियन्त्रणमा लिइ मृतक चौधरीको शव पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल लहान पठाइएको उनको भनाइ छ।

# पर्सामा क्षतिको आँकलन गर्दै : नेपाल टेलिकमको रु तीन करोड बराबरको नोक्सानी

वीरगञ्ज। गतहप्ताको आन्दोलनबाट वीरगञ्जको घण्टाघरस्थित नेपाल टेलिकम वीरगञ्जको कार्यालयमा तोडफोड र आगजनीबाट रु तीन करोड बराबरको क्षति भएको छ।

यही भदौ २४ गतेको आन्दोलनको भीडको सबैभन्दा पहिलो निशानामा टेलिकम परेको थियो। नेपाल टेलिकम वीरगञ्जका प्रमुख पङ्कज साहले अराजक समूहको भीडले टेलिमकको कम्प्युटर, प्रिन्टर्सलगायतका अन्य महत्वपूर्ण उपकरणमा करिब तीन करोड मूल्य बराबरको सामानको क्षति भएको जानकारी दिनुभयो।

"प्रदर्शनकारीले घण्टाघरस्थित दुवै टेलिकमका कार्यालयमा आगजनी गरेका छन्," उहाँले भन्नुभयो, " आगजनीबाट महसुल काउन्टरमा धेरै क्षति भएको छ।" पर्साका प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदीले सरकारी कार्यालयमा भएको तोडफोड र क्षतिको पारदर्शी ढङ्गले मुचुल्का तयार पार्नका लागि निर्देशन दिएको छ।

"जेनजी समूहको आन्दोलनको क्रममा यहाँका विभिन्न सरकारी कार्यालयका भवन तथा सवारीसाधनमा अपूरणीय क्षति भएका छन्,"उहाँले भन्नुभयो, "कार्यालयमा भएका क्षतिको मुचुल्का वा विवरण तयार पर्दा पारदर्शीता र यथार्थपरक बनाउनको लागि निर्देश गरेको छु।

मुचुल्का तयार पर्दा श्रव्यदृश्य र अन्य व्यवस्थित खालको तयार पार्न आग्रह गरेको छु ।" यहाँको वीरगञ्ज महानगर, आन्तरिक राजस्व कार्यालय लगायतमा धेरै क्षति भएको छ।रासस

# कारागारबाट फरार दुई जना कैदी फर्किए

**टुडे समाचारदाता**

रौतहट । जेन-जी आन्दोलन पछिको प्रदर्शनको मौकाको फाइदा उठाउँदै भदौं २४ गते रौतहटको गौरस्थित कारागार फोडेर भागेका कैदीहरुमध्ये सोमबार दुई जना हाजिर भएका छन् । यससँगै कारागारमा अहिले कारागारमा १०६ जना कैदीबन्दी छन्।




२९१ जना कैदीहरुमध्ये २६० जना कारागारबाट भागेका थिए भने ३१ जना कारागारमै बसेका थिए । भागेकाहरूमध्ये अहिलेसम्म १०६ जना कारागारमा रहेको जेलर मनिष झाले जानकारी दिए। कारागार प्रमुख झाले दिएको जानकारी अनुसार कारागारबाट भागेकामध्ये सोमबार मौलापुरका बिहारी साह र फतुवा विजयपुरका हेमचन्द्र प्रसाद आफैं हाजिर हुन आएका छन् । उनीहरूविरुद्ध संगठित अपराध र आपराधिक उपद्रोको आरोपमा जिल्ला अदालतले पुर्पक्षको आदेश गरेको छ।

प्रदर्शनको बहानामा कारागारबाट कैदी भागेपछि स्थानीय प्रशासनले खोजतलास शुरु गरिएको छ । उनीहरूको घर ठेगानामा प्रहरीले निगरानी बढाएको जिल्ला प्रहरी प्रमुख एसपी नेत्रमणि गिरीले बताए।

कारागारमा रहेको २९१ जना कैदीमध्ये अहिलेसम्म १०६ जना मात्र छन् । १८५ जना अझै फरार रहेका छन् । शुरुमा २६० जना फरार भएका थिए। तर भारतीय प्रहरी र नेपाल प्रहरीले ७५ जनालाई नियन्त्रणमा लिइसकेको थियो।

# क्षतिको पारदर्शी मुचुल्का तयार पार्न अनुरोध




वीरगञ्ज । जिल्ला प्रशासन कार्यालय पर्साले जेनजी आन्दोलनका क्रममा सरकारी कार्यालयमा भएको तोडफोड र क्षतिको पारदर्शी ढङ्गले मुचुल्का तयार पार्न निर्देशन दिएको छ।

प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदीले आइतबार यहाँ आयोजित कार्यालय प्रमुखसँगको छलफलमा आन्दोलनको क्रममा भएको क्षतिको श्रव्यदृश्यसहितको मुचुल्का र कागजात तयार पार्न कार्यालय प्रमुखहरुलाई निर्देशन दिनुभयो।

"जेनजी आन्दोलनको क्रममा यहाँका विभिन्न सरकारी कार्यालयका भवन तथा सवार ीसाधनमा अपुरणीय क्षति भएका छन् ", उहाँले भन्नुभयो, "कार्यालयमा भएका क्षतिको मुचुल्का वा विवरण तयार पर्दा पारदर्शिता र यथार्थपरक बनाउन निर्देश गर्दछु।"

प्रजिअ सुवेदीले सरकारी कार्यालयले सम्पूर्ण कानुनी प्रक्रिया पूरा गरेर आफ्नो कार्यसम्पादन गर्न आह्वान गर्नुभयो । "तपाईँहरु कुनै पनि खालको आर्थिक अनियमिततामा संलग्न नभइकन वस्तुपरक भई कार्यसम्पादन गर्नुहुन अनुरोध गर्दछु । सेवाग्राहीलाई कुनै खालका दुःख दिने र सास्ती दिने काम गर्नुहुन्न । कानुनी प्रक्रिया पुगेको कामलाई यो वा त्यो बाहनामा दुःख दिने काम नगर्नुहोला", प्रजिअ सुवेदीले भन्नुभयो। उहाँले सरकारी कार्यालयले आफ्नो कार्यालय र सवारीसाधनको सुरक्षामा विशेष सतर्कता अपनाउन अनुरोध गर्नुभयो।रासस

# मानवअधिकार आयोगको नौ बुँदे आह्वान

काठमाण्डु । राष्ट्रिय मानवअधिकार आयोगले 'जेनजी' आन्दोलनका क्रममा मृत्यु भएकाहरूको शवपरीक्षण गर्नुपर्नेसहित नौ बुँदे आह्वान गरेको छ।

आयोगका प्रवक्ता डा टीकाराम पोखरेलल सोमबार जारी गरेको प्रेस विज्ञप्तिमा आन्दोलनका क्रममा मृत्यु भएकाहरूको परीक्षण, दाहसंस्कार तथा पीडित परिवारलाई राहतलगायत कार्यमा विशेष ध्यान दिनुपर्ने उल्लेख छ। "देश, जनता, लोकतन्त्र, मानवअधिकार र विधिको शासनलाई केन्द्रमा राखी सबै सरोकार भएकाहरूको सहभागितामा आगामी कार्यहरू अगाडि बढाउनु जरुरी छ", विज्ञप्तिमा भनिएको छ, "अन्यौलपूर्ण अवस्थालाई तात्विक निष्कर्षमा पुऱ्याउन सबैले धैर्य र संयमतापूर्वक अगाडि बढ्नुपर्छ।"




आफ्ना अभिव्यक्तिहरू सार्वजनिक गर्दा अरूको अधिकारको सम्मान गर्दै शिष्टता र नम्रतापूर्वक सम्प्रेषण गर्न, द्वन्द्व र हिंसालाई प्रश्रय दिने अभिव्यक्ति नदिन र आफ्ना मागहरू लोकतान्त्रिक विधि र प्रक्रियाअनुरूप शिष्टतापूर्वक राख्न आयोगले आग्रह गरेको छ।

विकसित परि स्थितिमा आमनागरिकको मानवअधिकारको उपभोगमा आइपर्ने अवरोध पहिचान गरी त्यस्ता अवरोध हटाउन प्रभावकारी कार्य गर्नुपर्ने र सङ्कटको अवस्थामा हुनसक्ने कालोबजारी र कृत्रिम अभावलाई नियन्त्रण गर्न आयोगको आग्रह छ। दैनिक उपभोग्य सामग्री र सेवालाई सहज रूपले सञ्चालन गर्ने आवतजावतलाई सहज बनाउनुपर्नेमा जोड दिएको छ।

"प्रदर्शनका क्रममा भएका आगजनी र तोडफोडबाट भएको क्षति विवरण सङ्कलन गरी भौतिक पुनर्निर्माण र सेवा प्रवाहमा जोड दिनुपर्छ", विज्ञप्तिमा भनिएको छ, "सङ्कटपूर्ण अवस्थालाई सामान्यीकरण गर्न सबै सङ्घसंस्था र नागरिक समाजले जिम्मेवार नागरिकको आफ्नो दायित्व पूरा गर्नुपर्छ।" रासस

# सवारी चालक अनुमतिपत्र समयमै उपलब्ध गराउनुपर्नेमा मन्त्री घिसिङको जोड

काठमाण्डु । भौतिक पूर्वाधार तथा यातायातमन्त्री कुलमान घिसिङले सवारी चालक अनुमतिपत्र समयमा उपलब्ध गराउनुपर्नेमा जोड दिनुभएको छ।

सोमबार मन्त्रालयको पदभार ग्रहणपछि उहाँले अनुमतिपत्र ढिलो प्राप्त हुने गुनासोको सम्बोधन गर्न द्रूत गतिमा वितरण गर्नुपर्ने बताउनुभयो । मन्त्री घिसिङले सोअनुरुप कार्य गर्न सम्बन्धित कर्मचारीलाई आग्रहसमेत गर्नुभयो । दसैँअघि सडक सुधार गर्नुपर्नेमा पनि उहाँको जोड छ।




"सेवा प्रणालीलाई छिटो प्रवाह गर्ने गरी काम गर्नुपर्छ । चुनौती त धेरै छन् तर जिम्मेवारीबाट भाग्ने छुट छैन," मन्त्री घिसिङले भन्नुभयो, "कार्बन उत्सर्जन कटौती गरेर जलवायु परिवर्तनको असर न्यूनिकरणका लागि विद्युतीय सवारी साधन प्रवर्द्धन गर्नुपर्छ। यसका लागि चार्जिङ स्टेशन निर्माणबारे सात दिनभित्र प्रतिवेदन तयार गर्नुस् । अनि पेट्रोल तथा डिजेलको आयात घटाएर आर्थिक सुधार गर्न सकिन्छ ।" पद्भार ग्रहणपछि गरिएको निर्णयअनुसार विद्युतीय सवारी साधन चार्ज गर्ने पूर्वाधार, मर्मत सम्भार गर्ने 'वर्कसप' तथा ब्याट्री व्यवस्थापनबारे सुझाव सिफारिस गरिने भएको छ । साथै, विद्युतीय सवारी साधनको प्रयोग प्रवर्द्धन गर्न संस्थागत क्षमता विकास, अन्तरनिकाय समन्वय, गुणस्तर र मापदण्ड सुधारसम्बन्धी विषयमा समेत सुझाव सिफारिस गर्ने निर्णय भएको छ।

मन्त्रालयका सचिव केशवकुमार शर्माले मन्त्रालय अन्तर्गतका सडक विभाग र यातायात व्यवस्था विभाग आगलागीका कारण क्षतिग्रस्त भएको मन्त्री घिसिङलाई जानकारी गराउनुभयो।


"अब सडक विभागका कामकारबाही ललितपुरस्थित चाकुपाटमा रहेको मेकानिकल ट्रेनिङ सेन्टरबाट गर्ने तयारी छ । तर यातायात व्यवस्था विभागको काम कारबाही अहिले पालमुनीबाट भइरहेको छ। अब कसरी व्यवस्थापन गर्ने अन्योल छ," उहाँले भन्नुभयो, "मन्त्रीज्यू, तपाईं जनअपेक्षा अनुरुप काम गर्नुस्, हामी साथ दिनेछौँ।"रासस

# अख्तियारद्वारा लुटपाट एवं चोरी गरिएका सामान बुझाउन आग्रह

काठमाण्डु । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले यही भदौ २४ गतेको आन्दोलनका क्रममा आयोग र मातहतका कार्यालयहरुबाट लुटपाट एवं चोरी भएका सामान बुझाउन अनुरोध गरेको छ।

आयोगले उक्त सामग्रीहरू काठमाडौँको हकमा प्रहरी वृत्त मालीगाउँ, काठमाडौँ वा यस आयोगको कार्यालय टङ्गालमा र आयोगका मातहत कार्यालयको हकमा तत्तत् कार्यालय वा नजिकको प्रहरी कार्यालयमा आई सामान बुझाई दिनुहुनसमेत अनुरोध गरेको छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय टङ्गालले एक सार्वजनिक सूचना प्रकाशित गरी भदौ २४ गते आन्दोलनका क्रममा यस आयोग र मातहतका कार्यालयहरु (इटहरी, हेटौँडा, पोखरा, बुटवललगायत) मा भएको तोडफोड, आगजनी र चोरी एवं लुटपाटबाट सवारीसाधनहरु (चारपाङ्ग्रे र दुईपाङ्ग्रे), टिभी, कम्प्युटर सेट, माइक्रो ओभन, विभिन्न साइजका हार्ड डिस्क, स्क्यानर, क्यामरा, आइप्याड, मोबाइल, ल्यापटप, हिटर, पत्त ।लगायत सामानहरु लुटपाट एवं चोरी भएकाले उक्त सामान बुझाउन अनुरोध गरेको हो ।




"उक्त तोडफोड र चोरीमा संलग्नहरुको सिसिटिभी फुटेजमार्फत पहिचान गर्ने कार्य भइरहेको हुँदा कोही कसैले आयोग र आयोग मातहत कार्यालय परिसरबाट यस्ता सामग्री लिएको वा प्राप्त गर्नुभएको भए उक्त सामग्रीहरु काठमाडौँको हकमा प्रहरी वृत्त मालीगाउँ, काठमाडौँ वा यस आयोगको कार्यालय टङ्गालमा र आयोगका मातहत कार्यालयको हकमा तत्तत् कार्यालय वा नजिकको प्रहरी कार्यालयमा आई सामान बुझाई दिनुहुन अनुरोध छ। अन्यथा कानुनबमोजिम भइजाने व्यहोरासमेत जानकारी गराइन्छ," आयोगद्वारा प्रकाशित सूचनामा उल्लेख गरिएको छ।रासस

# शिक्षण अस्पतालद्वारा २८ जनाको शवपरीक्षण, २३ जनाको शव आफन्तले बुझे

काठमाण्डु । त्रिवि शिक्षण अस्पताल महराजगञ्जको फरेन्सिक विभागमा २८ जनाको शवपरीक्षण (पोस्टमार्टम) सकिएको छ।

अस्पतालमा जेनजी प्रदर्शनमा ज्यान गुमाएकाहरूको हाल शवपरीक्षण कार्य भइरहेको छ। हालसम्म ४६ शवपरीक्षणका लागि अस्पताल ल्याइएको फरेन्सिक विभागका प्रमुख डा गोपाल चौधरीले जानकारी दिनुभयो।

उहाँका अनुसार २३ शव आफन्तले बुझेर लगिसकेका छन्भने सात जनाको शव चिन्न नसकिने अवस्थामा रहेको छ । जसका लागि डिएनए परीक्षण आवश्यक हुन्छ। शव चिन्न नसक्ने अवस्थामा भने दाँत परीक्षण, फिङ्गरप्रिन्टबाट शवपरीक्षण गरिन्छ।

डा चौधरीले भन्नुभयो, "शव गोली लागेको, जलेको र ब्लड इन्जुरी भएका छन्। पोस्टमार्टमका लागि पत्र आएकाको शवपरीक्षण गरिरहेका छौँ।"

यसैबीच नवनियुक्त ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र सहरी विकासमन्त्री कुलमान घिसिङले मृतकका आफन्त र घाइते भेट्न शिक्षण अस्पताल पुग्नुभएको छ। अस्पतालमा हाल २२ जना उपचाररत छन्।रासस

ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : पुरानो समस्या सुल्झाउन सकिने छ।
वृष : बुद्धिको उपयोगले लक्ष्य पहिल्याउन सकिने छ।
मिथुन : पैत्रिक सम्पत्तिबाट लाभ मिल्नेछ । व्यापारमा पनि प्रशस्त फाइदा हुनेछ।
कर्कट : प्रेम र मित्रताको गाँठो कसिएला । कामबाट पनि फुर्सद पाइने छ।
सिंह : फाइदाका पछि लाग्दा साथीभाईसंग असमझदारी बढ्न सक्छ।
कन्या : लामोसमयदेखिरोकिएकोकामबन्नुका साथै आम्दानीको स्रोत समेत बढ्नेछ।
तुला : आत्मबल र हिम्मतको प्रयोग गरेमा सामाजिक क्षेत्रमा नेतृत्व हातलागी हुनेछ।
वृश्चिक : नयाँ काम र जिम्मेवारी हात पार्ने मौकाछ।
धनु : व्यापार व्यवसाय र कामधन्दाका क्षेत्र बाट पनि फाइदा नै हुनेछ।
मकर : पढाइमा प्रगति हुनेछ । नयाँ सवारी साधन प्राप्तिको योग छ।
कुम्भः व्यापार तथा उद्योगतर्फ सामान्य फाइदाको योग छ।
मीन : बोलीकै भरमा विशेष काम सम्पादन हुन सक्छ, क्रियाशील रहनुहोला।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझा | : ०७:३० बजे |

राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |




जेनजी आन्दोलनका क्रममा जलेर क्षतिग्रस्त भएको जनकपुरधामस्थित आन्तरीक राजश्व कार्यालयको भवन । कार्यालयको कागजातह, गाडीहरु र कर्मचारी क्वार्टरलगायतका सामग्री आगजनीले जलेर नष्ट भएको छा *तस्बिरः अमरेन्द्रकुमार यादव*

# जनविद्रोह गर्ने र विस्थापित भएकाको परीक्षण निर्वाचनमार्फत हुन्छः गृहमन्त्री अर्याल



काठमाण्डु । नवनियुक्त गृहमन्त्री ओमप्रकाश अर्यालले स्वतन्त्र र निष्पक्ष निर्वाचन गराउन वर्तमान सरकार गठन भएको बताउनुभएको छ। गृहमन्त्रालयमा सोमबार पदबहालीपश्चात् सञ्चारकर्मीसँग उहाँले निष्पक्ष निर्वाचन गर्ने मूल कार्यभार लिएर सरकार गठन भएको स्पष्ट पार्नुभयो ।

मन्त्री अर्यालले निर्वाचनसँगै आन्दोलनका क्रममा क्षतिग्रस्त भएका संरचना निर्माण सरकारको प्राथमिकतामा रहेको बताउनुभयो ।

"विद्रोहबाट विस्थापित भएकाको फेरि पुनरागमन हुने अवस्था रहेछ, जनताले 'म्यान्डेड' दिनहुन्छ भने पनि त्यसका लागि निर्वाचनमै जानुपर्छ", मन्त्री अर्यालले भन्नुभयो, "जसले नयाँ जनविद्रोह गर्नुभयो र अहिले यो अवस्था आयो। अब जनविद्रोहमा सफल हुने पनि त्यसको पूर्ण रुपमा पुष्टि निर्वाचनबाट गर्नुपर्नेछ।"

आन्दोलनका क्रममा सुरक्षाकर्मीबाट अत्यधिक बल प्रयोग भएका सम्बन्धमा सरकारले छानबिन गर्ने मन्त्री अर्यालले बताउनुभयो ।रासस

# मन्त्रिपरिषद् विस्तारः तीन मन्त्रीको शपथ



काठमाण्डु । नवनियुक्त तीन मन्त्रीहरुले सोमाबर पद तथा गोपनीयताको शपथ लिनुभएको छ ।

राष्ट्रपति रामचन्द्र पौडेलले राष्ट्रपति कार्यालय शीतल निवासमा सोमबार आयोजित विशेष समारोहमा नवनियुक्त मन्त्रीहरु रामेश्वर खनाल, कुलमान घिसिङ र ओमप्रकाश अर्याललाई शपथ गराउनुभएको हो । राष्ट्रपति पौडेलले अन्तरिम सरकारका प्रधानमन्त्री सुशीला कार्कीको सिफारिसमा उहाँहरुलाई आइतबार साँझ नियुक्त गर्नुभएको हो ।

नवनियुक्त मन्त्रीहरूमध्ये खनाललाई अर्थ, घिसिङलाई ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र सहरी विकास, अर्याललाई गृह र कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयको जिम्मेवारी तोकिएको छ । बाँकी मन्त्रालयको कार्यभार प्रधानमन्त्री कार्कीले नै सम्हाल्नुभएको छ।

खनाल पूर्वअर्थ सचिव, घिसिङ नेपाल विद्युत् प्राधिकरणका पूर्वकार्यकारी निर्देशक र अर्याल अधिवक्ता हुनुहुन्छ । खनालले आर्थिक सुधार र सुशासनका क्षेत्रमा काम गर्दै आउनुभएको छभने घिसिङले प्राधिकरणको जिम्मेवारीबाट हटेपछि नागरिकका आवाज उठाउँदै आउनुभएको छ । अधिवक्ता अर्यालले अख्तियार दुरुपयोग अनुसन्धान दुरुपयोगका तत्कालीन प्रमुख आयुक्त लोकमानसिंह कार्कीको नियुक्तिकोअयोग्यतासम्बन्धीमुद्दामा पुनरावेदन हालेपछि उहाँ चर्चामा आउनुभएको थियो । नवनियुक्त मन्त्रीहरुले आजै सिंहदरबारमा पदबहाली गर्नुहुने जनाइएको छ।

सो अवसरमा उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री कार्की, प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत, राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहाल, पूर्वप्रधानमन्त्री डा बाबुराम भट्टराई, संवैधानिक निकायका प्रमुख तथा पदाधिकारी, नेपाल सरकारका उच्चपदस्थ अधिकृत, सुरक्षा निकायका प्रमुख तथा अधिकारीलगायत उपस्थित हुनुहुन्थ्यो।

'जेनजी' समूहको आन्दोलन र उत्पन्न परिस्थितिका बीच राष्ट्रपति पौडेलले पूर्वप्रधानन्यायाधीश कार्कीलाई यही भदौ २७ गते अन्तरिम सरकारको प्रधानमन्त्रीमा नियुक्त गर्नुभएको थियो ।रासस

# ऐतिहासिक परिवर्तनलाई सार्थक तुल्याउनु प्रमुख एजेन्डाः ऊर्जामन्त्री घिसिङ

काठमाण्डु । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री कुलमान घिसिङले जेनजीको नेतृत्वमा भएको ऐतिहासिक परिवर्तनलाई सार्थक तुल्याउनु नै प्रमुख राष्ट्रिय एजेन्डा भएको बताउनुभएको छ।

सोमबार सिंहदरबारमा ऊर्जा मन्त्रालयमा पदभार ग्रहणपछि सञ्चारकर्मीसँग अन्तरक्रिया गर्दै उहाँले सार्वजनिक संरचनामा पुगेको क्षति यकिन गरी पुनःनिर्माणलाई तत्काल अघि बढाउने बताउनुभयो । उहाँले पुनःनिर्माणका लागि सरकारी कोष खडा गर्ने जानकारी दिँदै देशभित्र र बाहिर रहेका सबै नेपालीलाई सहयोग गर्न आग्रह गर्नुभयो ।

त्यसैगरी चालु अवस्थाका ठूला आयोजनालाई तीव्रता दिइने जानकारी दिँदै मन्त्री घिसिङले रणनीतिक महत्व र रुपान्तरणकारी केही ठूला आयोजनाहरु तत्काल अघि बढाउने बताउनुभयो। उहाँले भ्रष्टाचार न्यूनीकरण र सुशासनमा सरकारको प्राथमिकता रहने उल्लेख गर्नुभयो।

"आफ्नो जिम्मेवारी इमान्दारितापूर्वक पूरा गर्न नसक्नेलाई तुरुन्त जिम्मेवारीबाट हटाइनेछ। असल नियत राखी ढुक्क भएर काम गर्नुहोस् । देशको अवस्था हेरेर अहिले १८ घण्टा खटिएर काम गर्नुहोस्", मन्त्री घिसिङले भन्नुभयो ।

उहाँले आफूले प्राप्त गर्ने तलब भत्ता र सुविधाहरु जेनजी प्रदर्शनका क्रममा मृत्युवरण गरेका सहिदहरुका परिवारलाई उपलब्ध गराउने बताउनुभएको छ। आफना सुरक्षाका हिसाबले आवश्यक सुरक्षाकर्मी मात्र लिने उहाँले बताउनुभयो।

**ऊर्जामन्त्री घिसिङ्द्वारा पदभार ग्रहण**

काठमाण्डु । नवनियुक्त ऊर्जा तथा जलस्रोत मन्त्री कुलमान घिसिङले सोमबार पदभार ग्रहण गर्नुभएको छ । पदभार ग्रहण गर्दै उहाँले विशेष परिस्थितिमा अन्तरिम सरकार बनेको सन्दर्भ उल्लेख गर्दै देशलाई समृद्धि र राजनीतिक स्थायित्वको चुनौतीलाई सामना गर्दै जिम्मेवारी



"आफ्नो जिम्मेवारी इमान्दारितापूर्वक पूरा गर्न नसक्नेलाई तुरुन्त जिम्मेवारीबाट हटाइनेछ । असल नियत राखी ढुक्क भएर काम गर्नुहोस् । देशको अवस्था हेरेर अहिले १८ घण्टा खटिएर काम गर्नुहोस्", मन्त्री घिसिङले भन्नुभयो ।

बहन गर्ने बताउनुभयो ।

ऊर्जासँगै थप दुई मन्त्रालयको जिम्मेवारी पाउनुभएका उहाँले मुलुकलाई सामान्य अवस्थामा अवतरण गराउने गरी काम गर्ने बताउनुभयो । अब निर्माणको अभियान सुरु भएको उल्लेख गर्दै उहाँले विभिन्न कालखण्डमा भएका लोकतान्त्रिक आन्दोलन र पछिल्लो जेनजी प्रदर्शनका क्रममा ज्यान गुमाउनेप्रति श्रद्धाञ्जली अर्पण गर्दै घाइतेहरुको शीघ्र स्वास्थ्यलाभको कामना गर्नुभयो ।

पुनःनिर्माणसँगै तोकिएको समयमा निर्वाचन गराउनुपर्ने सरकारको दायित्व स्मरण गर्दै द्रुत गतिमा आफूले काम गर्ने मन्त्री घिसिङको भनाइ थियो । उहाँले उज्यालो नेपाल अभियानलाई प्रभावकारी रुपमा अघि बढाउने समेत बताउनुभयो ।

"नेपाल आर्थिक र राजनीतिक रुपमा सङ्कटमा छ, यतिबेला व्यवसायी, देशभित्र र बाहिर भएका नागरिकले सहयोग गर्नुपर्छ", उहाँले भन्नुभयो, "डेडिकेटेड र ट्रङ्कलाइनको वक्यौता उठाउन निर्देशन दिइएको छ, यो तत्काल गर्नुपर्ने काम हो ।" मन्त्री घिसिङले पुनःनिर्माणका लागि कोष स्थापना गरी सबैतर्फबाट सहयोग लिने समेत उल्लेख गर्नुभयो ।

सोमबार शितल निवासमा पद तथा गोपनीयताको सपथ ग्रहणपछि मन्त्री घिसिङ जेनजी प्रदर्शनका क्रममा घाइते भएकाहरुसँग भेटपछि सिंहदरबारस्थित मन्त्रालयमा पुगी पदभार गर्नुभएको हो । उहाँले जेनजी प्रदर्शनका मागलाई सार्थक बनाउन आफू प्रयत्नशील हुने पनि उल्लेख गर्नुभयो ।रासस

# खानेपानी मन्त्रालयका कामकाज नियमित सञ्चालनमा




काठमाण्डु । 'जेनजी' युवाहरुको प्रदर्शन र आगजनीका कारण बन्द रहेको खानेपानी मन्त्रालयको कामकाज नियमित रुपमा सञ्चालनमा आएको छ।

परिस्थिति सामान्य बन्दै गएपछि सोमबारदेखि मन्त्रालय र मातहतका सम्पूर्ण निकायको काम नियमित रुपमा सञ्चालन भएको मन्त्रालयका सहसचिव रामबाबु पुरीले राससलाई जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "यही भदौ २३ गतेको 'जेनजी'युवाको प्रदर्शनका कारण २७ सम्म मन्त्रालय र मातहतका निकायको काम स्थगित भएको थियो, परिस्थिति सामान्य बनेपछि सोमबारदेखि नियमित रूपमा काम सञ्चालनमा आएको छ।"

सो प्रदर्शनका क्रममा मन्त्रालय र मातहतका चारपाङ्गे गाडी १४ वटा जलेर पूर्ण रुपमा नष्ट भएका र छ गाडीमा तोडफोड गरिएको सहसचिव पुरीले बताउनुभयो । उहाँले भन्नुभयो, "मन्त्रालयमा केही पनि धेरै क्षति भएको छैन, गाडीहरु जलेका र क्षति भएका छन्, पूर्ण विवरण आउन बाँकी छ, हामीले नियमित काम सुरु गरेका छौँ ।"

आन्दोलनकारीको आगजनीका कारण सिंहदरबारका अधिकांश भवन आगलागीबाट जले पनि खानेपानी मन्त्रालय भने जोगिएका कारण मन्त्रालयका काम सञ्चालन गर्न सहज भएको जनाइएको छ।

खानेपानी तथा ढल व्यवस्थापन विभागका महानिर्देशक इञ्जिनियर कमलराज श्रेष्ठले विभागको नियमित काम सञ्चालन भइरहेको बताउनुभयो । उहाँले भन्नुभयो, "आन्दोलनबाट विभागमा पनि कुनै क्षति भएको छैन, कार्यालयका केही गाडीमा क्षति पुगेको छ, अन्य क्षति हुन नपाएकाले काम सुरु गरेका छौँ।"रासस

# आगजनीबाट जोगियो स्वास्थ्य सेवा विभाग

काठमाण्डु। 'जेनजी पुस्ता'को प्रदर्शनमा देशभर कैयौँ कार्यालय आगजनीबाट ध्वस्त भए । स्वास्थ्य तथा जनस~्या मन्त्रालय पनि यसबाट जोगिन सकेन। बढी क्षति भएको मन्त्रालयमा स्वास्थ्य पर्दछ।

स्वास्थ्य क्षेत्रको प्रमुख निकायमध्ये एउटा टेकुस्थित स्वास्थ्य सेवा विभाग भने आगजनीबाट जोगिएको छ। त्यसैले कार्यालयका नियमित कामकाज आइतबारदेखि नै सुरु भइसकेका छन् ।

विभागका महानिर्देशक डा टङ्कप्रसाद बाराकोटीले प्रदर्शनमा विभागको भवन जोगिएको बताउनुभयो। स्वास्थ्य मन्त्रालयमा राखिएको विभागको एउटा गाडी र मोटरसाइकलमा क्षति पुगेको छ।

विभागभित्र राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण केन्द्र, राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र, राष्ट्रिय क्षयरोग केन्द्र, राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला, राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना र सञ्चार केन्द्रलगायत रहेका छन् । उपचारात्मक सेवा महाशाखा, व्यवस्थापन महाशाखा, नर्सिङ तथा सामाजिक सुरक्षा महाशाखा, इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, परिवार कल्याण महाशाखा यहाँ रहेका छन् ।





विभागमा क्षति नपुगे पनि देशभर ३० नगरपालिकामा रहेको स्वास्थ्य शाखामा भने क्षति पुगेको महानिर्देशक डा बाराकोटीले जानकारी दिनुभयो । "क्षतिको विवरण सङ्कलन गर्दैछौँ," उहाँले भन्नुभयो ।

मधेस, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका विभिन्न नगरपालिका र स्वास्थ्य संरचनामा हालैको घटनाबाट क्षति पुगेको छ। स्वास्थ्य संस्था, खोप भण्डारण केन्द्रमा कतै पूर्ण र कतै आंशिक क्षति भएको छ । पुनःस्थापना तथा मर्मत गरेर सञ्चालनमा ल्याउने तयारी भइरहेको छ।

परिवार कल्याण महाशाखाअन्तर्गतको बाल स्वास्थ्य तथा खोप शाखाका प्रमुख डा अभियान गौतमले खोप कोल्ड चेन स्टोरमा क्षति पुगेको बताउनुभयो । उहाँका अनुसार हालसम्म १९ खोप कोल्ड चेन स्टोरमा क्षति पुगेको छ। क्षतिको विवरण सङ्कलन भइरहेको उहाँले बताउनुभयो।

"वडा कार्यालय जलाउँदा सँगैको स्वास्थ्य संस्था पनि परेका छन्। खोप भण्डारण कक्षमा क्षति पुगेको छ । खोप कार्यक्रममा भने प्रभाव परेको छैन । सेवा दिन प्रयासरत छौँ । कामलाई निरन्तरता दिइरहेका छौँ", प्रमुख डा गौतमले भन्नुभयो ।रासस





**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

### मधेशमा राजनीतिक अस्थिरता र सम्भावित समाधान

जेन-जी आन्दोलनले निम्त्याएको परिस्थितिपछि मधेश प्रदेशको राजनीतिमा ठूलो उथलपुथल आएको छ । मुख्यमन्त्री सतीशकुमार सिंहको राजीनामा र त्यसलगत्तै जनमत पार्टीले सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि प्रदेशमा राजनीतिक शून्यता देखिएको छ । अहिले प्रदेश प्रमुख, सभामुख र प्रमुख राजनीतिक दलका नेताहरू पनि जनकपुरधाम बाहिर रहेकाले नयाँ सरकार गठनको प्रक्रिया थप अन्योलग्रस्त बनेको छ । मुख्यमन्त्री सिंहले सामाजिक सञ्जालमार्फत राजीनामा दिए पनि पछि त्यसलाई अस्वीकार गर्ने दोहोरो चरित्र देखाउँदा चर्को आलोचना भयो । यसले जनमत पार्टीलाई आफ्नो समर्थन फिर्ता लिन बाध्य बनायो र उसले मुख्यमन्त्रीसहित मन्त्रीहरूलाई पनि फिर्ता बोलायो। जनमत पार्टीका संसदीय दलका नेता महेशप्रसाद यादवले प्रदेश प्रमुखको कार्यालयलाई इमेलमार्फत पत्र पठाएर समर्थन फिर्ता लिएको जानकारी गराएका छन् । प्रदेश प्रमुख सोमबार जनकपुरधाम फर्किएपछि मात्रै नयाँ सरकार गठनको प्रक्रिया अघि बढ्ने देखिएको छ । मधेश प्रदेशमा कुनै पनि दलको स्पष्ट बहुमत छैन । यस अवस्थामा संविधानको धारा १६८ को उपधारा (२) अनुसार प्रदेशसभामा प्रतिनिधित्व गर्ने दुई वा सोभन्दा बढी दलको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रदेशसभा सदस्यलाई मुख्यमन्त्री नियुक्त गर्ने प्रावधान रहेको छ। यस परिस्थितिले नयाँ गठबन्धन सरकारको आवश्यकतालाई जोड दिएको छ । तर यसभन्दा पहिला मुख्यमन्त्री सिंहले राजीनामा दिएको घोषणाबारे प्रदेश प्रमुखको कार्यालयलाई जानकारी गराउनुपर्ने हुन्छ । यस्तो नगरेको खण्डमा मुख्यमन्त्री सिंहले एक महिनाभित्रमा प्रदेशसभाबाट बहुमत प्राप्त गर्नुपर्ने हुन्छ। त्यसो नगर्न नसकेमा मात्रै नयाँ मुख्यमन्त्रीका लागि प्रदेश प्रमुखले राजनीतिक दलहरुलाई आह्वान गर्नुपर्ने हुन्छ। जनमत पार्टीका नेता महेशप्रसाद यादवले सर्वदलीय सरकार गठनको सम्भावनालाई औंल्याएका छन् । जेन-जी आन्दोलनका कारण प्रशासनिक भवन र कार्यालयहरूमा भएको क्षतिले गर्दा अहिलेको अवस्थामा सबै दल मिलेर अघि बढ्नुपर्ने आवश्यकता देखिएको छ । यस्तो सर्वदलीय सरकारले राजनीतिक स्थायित्व कायम गर्न, ध्वस्त भौतिक संरचनाहरूको पुनर्निर्माण गर्न र प्रदेशलाई राजनीतिक संक्रमणबाट बाहिर ल्याउन मद्दत गर्न सक्छ ।यद्यपि नेपाली कांग्रेस लगायतका प्रमुख दलका नेताहरू जनकपुरधाम बाहिर रहेकाले तत्कालै यस्तो सहमति बन्ने सम्भावना कम छ । सबै नेताहरू जनकपुर फर्किएपछि मात्रै सरकार गठनका लागि औपचारिक छलफल शुरु हुनेछ । मधेस प्रदेशको भावी राजनीति दलहरूबीचको सहमति र सहकार्यमा निर्भर हुनेछ। त्यसैले वर्तमान राजनीतिक संकटको समाधान सर्वदलीय सहमतिमा आधारित सरकारको गठन नै हुन सक्छ। यसले प्रदेशमा राजनीतिक स्थिरता कायम गर्दै जेन-जी आन्दोलनले निम्त्याएका चुनौतीहरूलाई सम्बोधन गर्न र प्रदेशको विकासलाई निरन्तरता दिन महत्वपूर्ण भूमिका खेल्नेछ ।

# प्रम श्रीमति कार्कीका चुनौतीहरु



**रोशन जनकपुरी**

जेन जेड पुस्ताको आन्दोलनको बलमा गठित अन्तरिम सरकारको पहिलो कीर्तिमान नेपाल पहिलो महिला प्रधानमन्त्रीको नियुक्ती हो, भने श्रीमति सविता भण्डारीलाई महान्यायाधिवक्ताको पदमा नियुक्त गरेर नवनियुक्त प्रधानमन्त्री श्रीमति सुशिला कार्कीले पहिलो महिला न्यायाधिवक्ताको कीर्तिमानपनि बनाएकी छिन् । जेन जेड आन्दोलन कम्तीमा यसको निम्ति स्मरणीय रहने छ । यसको निम्ति प्रधानमन्त्री श्रीमति कार्कीपनि स्मरणीय रहनेछिन् ।

प्रधानमन्त्री पदमा नियुक्त भएसँगै आन्दोलनमा घाइते भएकासँग भेट्न विभिन्न अस्पताल पुगेर, र पदभार ग्रहण गरेसँगै आफ्नो निर्णयमा जेन जेड विद्रोहमा मृत्यु भएकालाईसहीद घोषणा गर्नु, र आगामी फागुन २१ गते संसदको निर्वाचन गराउने घोषणा समेत गरेर उनले आफू शुरुदेखि नै सक्रिय रहेको सन्देश दिएकी छिन् । यो लेख तयार गर्ने बेलासम्म कुलमान घिसिङ्ग, रामेश्वर खनाल र ओमप्रकाश अर्याल सम्मिलित तीन सदस्यीय मन्त्रीमण्डलपनि गठन भैसकेको छ । प्रधानमन्त्रीको पदको पारम्परिकताको दृष्टिले यी कामहरु नियमित र सहज कामहरु थिए । तर जेन जेडको आन्दोलनमा सारिएका भ्रष्टाचार र राजनीतिक बेतिथिको अन्त जस्तो मूख्य मुद्दाको दृष्टिले हेर्दा बित्ने हरेक दिनसँगै उनको चुनौती बढदै जाने देखिन्छ ।

विघटित संसदका आठ दलहरु संसद विघटनको निर्णय फिर्ताको माग गरेर आफूहरु वर्तमान सरकारको विपरीत कित्तामा रहेको संकेत दिइसकेका छन् । यसै क्रममा संसद विघटन र श्रीमति कार्कीकोप्रधानमन्त्री पदमा नियुक्तिलाई चुनौती दिँदै सर्वोच्च अदालतमा समेत मुद्दा दायर भैसकेको छ । तात्पर्य के छ भने प्रत्यक्षरुपमा प्रधानमन्त्री कार्कीलाई कुनै संसदिय पार्टीबाट सहयोगको सम्भावना कम्तीमा अहिलेसम्म देखिएको छैन ।

श्रीमति कार्कीको अर्को समस्या, जुन जेन जेड पुस्ताको आन्दोलनको माध्यमबाट उनी प्रधानमन्त्रीको कुर्सीमा आसीन हुन सफल भइन्, त्यसमा असली र नकली नेताका विवाद, विरोध र हङ्गामा अहिलेपनि कायम नै देखिन्छ । जेन जेड पुस्ता (सन् १९९७ र २०१२को बीचमा जन्मेकाहरु) आन्दोलनमा जेन वाई ( सन् १९८१ र १९९६को बीचमा जन्मेकाहरु) पुस्ताका ३८ वर्षीय सुदन गुरुङ्ग र उनको टीम आन्दोलनको प्रतिनिधिको रुपमा देखिएको छ । आन्दोलनमा पर्दा पछाडीबाट भूमिका खेल्ने गुरुङ्ग र काठमाडौं महानगरपालिकाका मेयर बालेन साह देखिँदै आएका थिए। तर गृह र कानुन मन्त्रीको रुपमा अधिवक्ता ओमप्रकाश अर्याल नियुक्त भएपछि सुदन गुरुङ्गले सार्वजनिकरुपमा असन्तुष्टि जनाएपछि पर्दापछाडी गुटगत प्रतिस्पर्द्धा, असन्तुष्टि र विवाद रहेको संकेत दिन्छ। सँगै यो लेख तयार गर्ने दिन सोमवार बिहानै जेन जेडको एउटा समूहले अर्यालको नियुक्तिप्रति गम्भीर असन्तुष्टि र आक्रोश गुरुङ्गसँग व्यक्त गरेको थियो ।

राष्ट्रपति रामचन्द्र पौडेलसँग आन्दोलनकारीहरुको वार्तादिखि नै सुदन गुरुङ्गले आफूलाई मिडिया सामू प्रत्यक्ष, अप्रत्यक्ष रुपमा 'किङ्ग मेकर'को रुपमा प्रस्तुत गर्दै आएका छन् । मिडियाले समेत उनलाई किङ्ग मेकर जस्तै महत्व दिईरहेको देखिन्छ । प्रधानमन्त्रीको सपथ कार्यक्रममा उनले प्रम श्रीमति कार्कीलाई घोप्टो परेर गोडामा ढोग्नु, श्रीमति कार्कीले आफ्नै छेउमा उभ्याएर उनी सहितको वार्ताका आन्दोलनकारी प्रतिनिधिसँग विजयी भावमा हात उचालेको दृश्य र सौहार्द्र भावले गुरुङ्गको प्रभावशीलता व्यक्त गर्छ । तर पर्दापछाडीबाट आन्दोलनलाई संयोजन गरेर यहाँसम्म पुऱ्याउन सफल गुरुङ्ग आन्दोलनलाई सत्तासँग तालमेल मिलाउनमा अनुभवहीन जस्तै देखिन थालेका छन् । विशेष गरेर पटक पटक झोक्किने र पत्रकारहरु तथा आन्दोलनमा मारिएका परिवारहरुसँग भेट्दा कहिले भावुक भएर रुने, आफू नेता नभएको र आफूले के नै गर्न सक्छु भन्ने जस्ता निरीह अभिव्यक्ति दिने, र अर्कोतिर असीसालमा पहिलोपटक जनताको शक्ति (पिपुल्स पावर) स्थापित गराएको दावी गरेर आफूलाई मुक्तिदाताको रुपमा प्रस्तुत गर्न खोज्नुले उनी असन्तुलित हुँदै गएको देखिन्छ। सम्भवतः उनले आन्दोलन यसरी सफल होला, र आन्दोलनपछि यस्तो स्थितिको सामना गर्नु पर्छ भन्ने कल्पना नै नगरेको र यस्तो स्थितिको निम्ति तयार नै नभएको जस्तो बुझिन्छ। यस्तो न होला, तर यस्तै देखिन्छ। यसैकारण आन्दोलनमा आफ्नो विरोधी समूहहरु प्रति उनी रुखो देखिने गरेका छन् । आफ्नो एकमात्र विश्वस्त सहयोगी समूह आन्दोलनकारी नेतृत्वहरु बिच देखिन थालेको यो अस्थिरता र आक्रोशलाई समयमै शान्त पार्नु प्रम श्रीमति कार्कीको निम्ति थप चुनौती हो ।

आन्दोलनको बेला जेन जेडको नामले सम्बोधित किशोर र नवयुवापुस्ताको आन्दोलनको कुनै निश्चित प्रतिनिधि सामुन्ने आएको थिएन। नवयुवा पुस्तालाई सामाजिक सञ्जाल बन्द गरेको सरकारी निर्णय विरुद्ध, भ्रष्टाचार र राजनीतिक बेथितिविरुद्ध सडकमा आउन अपील गरिएको थियो। यस आधारमा नवयुवा पुस्ताका अनेक समूह देशैभरी सडकमा देखिए । आन्दोलनको निश्चित अनुहार नभएको कारण यस्मा अनेकौं स्वार्थशक्तिहरुको घुसपैठ भयो, जस्ले आन्दोलनलाई हिंसक र उत्तेजक बनायो, विध्वंस मच्चायो, राज्यले निर्मम दमन गऱ्यो, प्रहरीको निर्मम गोली प्रहारमा आन्दोलनकारीहरु मारिए, आन्दोलन सफल भयो, आन्दोलनकारीको प्रतिनिधि भनिने गुरुङ्गटीम, बालेन टीन र आन्दोलनकारी विविध समूहको बिचमा समन्वय गर्नको निम्ति गठन गरिएको 'डिस्कोर्ड'नामक सामाजिक सञ्जाल समूहमा सामेल प्रतिनिधिहरुको छलफलबाट श्रीमति कार्कीको नाम प्रस्तावित भयो । गुरुङ्ग र बालेनको टीम आन्दोलनको प्रतिनिधित्व गर्दै नेपाली सेनाको संयोजनमा राष्ट्रपतिसँग वार्ता गऱ्यो र श्रीमति कार्की अन्तरीम प्रधानमन्त्रीको पदमा नियुक्त भइन् । संक्षिप्तमा जेन जेड आन्दोलन र श्रीमति कार्कीको प्रमपदमा नियुक्तिको यति हो कथा ।

तर वार्ताको क्रममा दुर्गा प्रसाईपनि उपस्थिति तथा प्रधानमन्त्री पदको निम्ति जोडबल गरिरहेका धरानका मेयर हर्क साम्पाङ्गको जिद्दीले के देखायो भने आन्दोलनमा अनेक राजनीतिक स्वार्थ बोकेका समूहहरुको पनि उपस्थिति थियो । कम्तीमा राजावादीहरुको उपस्थिति त यसले सिद्ध हुन्छ नै । श्रीमति कार्कीप्रधानमन्त्री नियुक्त भएपछि कयौं समूहको स्वार्थ सिद्ध भएन। यस अतिरिक्त भदौ २३ गते जेन जेड आन्दोलनको शुरुमा देखिएको, सरकारसँग आन्दोलनको निम्ति सूचना दिनगएका, पत्रकार सम्मेलन तथा अन्तर्वार्ताको माध्यमबाट आन्दोलनको एजेन्डा सार्वजनिक गर्ने शुरुका प्रतिनिधिहरु ओझेलमा पर्नु (वा पारिनु) र गुरुङ्ग टीम वार्तापछिक्रमशः आन्दोलनको नेतृत्व प्रतिनिधिको रुपमा देखियो । आन्दोलनकारी समूहबीच गुरुङ्गटीम प्रति देखिने विरोध र आक्रोशको कारण यो पनि हो । श्रीमति कार्की आफूलाई जेन जेड आन्दोलनकारीहरुले अनुरोध गरेकोले आफूले प्रधानमन्त्रीको पद स्वीकार गरेको भनिरहेकी छिन् । यस आन्दोलनले आफूलाई गणतन्त्रपक्षीय सिद्ध गरेको तथा (कम्तीमा प्रत्यक्षमा, अहिलेसम्म) राजावादी तत्वहरुलाई किनारा लगाएकोमा यसको प्रशंसा नै गर्नु पर्छ । तर जेन जेड आन्दोलनकारीका अन्य समूहबिच जसरी विवाद देखिएको छ, त्यसलाई समयमा नै हल गर्न सकिएन भने यस नवयुवा पुस्ताका आन्दोलनकारीहरु बिचको विवादको बोझमुनी उनी थिचिने सम्भावनापनि उत्तिकै छ । यद्यपि राजनीतिमा भ्रष्टाचार र बेथितिविरुद्ध जसरी आन्दोलन भयो र ओलीसरकार ढल्यो, त्यसले श्रीमति कार्कीको सरकार प्रति जनताको सकारात्मक अपेक्षा पनि उत्तिकै छ । जनताको यो अपेक्षाश्रीमति कार्कीको निम्ति बल र चुनौती दुबै हुनसक्छ ।

श्रीमति कार्कीको सरकारको गठन अमेरिकी एजेन्सीहरुको कूटनीतिक संयोजनमा भएको 'कन्सपिरेसी थ्योरी'को चर्चापनि छ । विशेष गरेर सुदन गुरुङ्गले नेतृत्व गरेको गैर सरकारी संस्था (एनजीओ)को सम्बन्ध अमेरिकी एजेन्सी निकटको भनिने, डा.सन्दुक रुइत नेतृत्वको 'बारबरा फाउन्डेसन'सँग रहेको र यसले 'हामी नेपाल'लाई वित्तीय सहयोग गर्ने गरेको चर्चामा छ । डां रुइतले कोराना महामारीको बेला मात्रै आफ्नो संस्थाले ' हामी नेपाल'लाई आर्थिक सहयोग गरेको, अन्यथा यस संस्थासँग आफूहरुको कुनै सम्बन्ध नरहेको पत्रकार सम्मेलन गरेर नै जानकारी गराएका छन् । डा. रुइतले बारबरा एडम्स नेपाली नागरिक भएको र मरेपछि उनले आफ्नो सम्पूर्ण सम्पत्ति यस संस्थालाई दान दिएको र देश विदेशका नेपाली नागरिकहरुको सहयोगबाट नै यो संस्था चलेको बताएका थिए । तर गुरुङ्गको एउटा भिडियो सामाजिक सञ्जाल र युट्युबमा देखिन्छ, जस्मा उनले डा. रुइत अभिभावक र आफूहरु उनको 'बच्चा' रहेको तथा आफूहरुले हरेक कुरामा उनको सल्लाह लिने गरेको भनेका छन् । अर्को, बारबरा फाउन्डेसनका प्रोफाइलमा यसका आर्थिक दाताहरुमा अमेरिकी सरकार निकटको आइएनजिओको नाम देखिन्छ। भन्नलाई त यस्ता संस्थाहरु आफूलाई विकास र सामाजिक सरोकारका भन्छन्, तर जानकार आलोचकहरुले यस्ता संस्थाहरुलाई वैदेशिक कूटनीतिक स्वार्थको उपकरण पनि भन्ने गर्छन्। जेन जेडको आन्दोलनको कभरमा यस्ता संस्थाहरु सक्रिय रहेको भन्नेहरुको पनि कमी छैन। नेपाल र नेपाल बाहिरका केही राजनीतिक विश्लेषकहरुको मतमा, नेपालको राजनीतिमा संस्कृति झैं विकसित भ्रष्टाचार र राजनीतिक बेथिति, राजनीतिक अस्थिरता तथा राजनीतिक दलहरुले सत्ताको निम्ति हारालुछ गरीरहेकोबाट जनतामा रहेको दिक्दारी र आक्रोश थियो ; यसको उपयोग गरेर योजनाबद्ध रुपमा नवयुवा पुस्तालाई सडकमा उतारियो, विध्वंसक र उत्तेजकबनाइयो ; आन्दोलन चर्कियो भने विपक्षले फाइदा लिने डरले सरकारले आन्दोलनलाई शुरुमा नै दमन गरेर निम्ट्यान्न पार्न खोज्यो, गोली चल्यो, आन्दोलनकारीहरुको ज्यान गयो, आन्दोलन थप उत्तेजक भयो, सुरक्षातन्त्रले समर्पण गरेपछि ओली सरकारले राजिनामा गर्न बाध्य भयो, र वर्तमान सम्विधानर संघीयताप्रति असन्तुष्ट र उदासीनशक्तिहरुले सत्ताको कमान सम्हाल्न पुगे । आलोचकहरुले यसलाई मध्यवर्गको आंशिक विद्रोह र वैदेशिक एजेन्सीहरुको कुशल संयोजनमा सत्ताको हेरफेरपनि भनिरहेका छन् । अन्तर्राष्ट्रिय पर्यवेक्षकहरुको मतमा नेपाल र भारत समेत चिन नजिक हुँदै गएकोमा दक्षिण एसियामा आफ्नो वर्चस्व घट्दै गएको, अझ, चिनसँगको वैश्विक प्रतिस्पर्द्धामा नेपालको बहुआयामिक महत्व हुनुपनि यसको कूटनीतिक कारण हो । केही विश्लेषकहरुको दृष्टिमा यस वैश्विक कूटनीतिक द्वन्द्वमा राजनीतिक अस्थिरताको कारण नेपाल कमजोर शिकार बनेको छ ।यसरी नै जेन जेड आन्दोलनको रणनीतिकार र आन्तरिक संयोजकको रुपमा सुदन गुरुङ्गलाई सबैभन्दा पहिले सरकार समर्थक भारतीय मिडियाहरुले प्रचारित गरेको तथ्यपनि विचारणीय छ । यस्तो हो वा होइन, श्रीमति कार्कीको सरकार र कदाचित निर्धारित समयमा संसदिय निर्वाचन भयो भने त्यसपछि गठित संसद र सरकारको राजनीतिक नेतृत्वको गतिविधिहरुले साबित गर्नेछ । तर यस्तो भन्नेहरुको भने कमी छैन । यो भयो ओली सरकारको पतन, जेन जेड आन्दोलन र नयाँ राजनीतिको कूटनीतिक अन्तर्कथा ।

जनस्तरमा भने प्रम श्रीमति कार्कीसँग भने अपेक्षाको चाङ्ग छ । उनले आफैपनि आफू रहरले होइन, दायित्वबोधको कारण आएको र काम गर्न आएको भनेकी छिन् । यसले ७३ वर्षीया प्रधानमन्त्रीप्रति जनताको अपेक्षा झन् बढाएको छ । नेपाली राजनीतिमा वर्तमान संसदबाट निर्वाचित प्रधानमन्त्री हुने शासकीय प्रणालीलाई अधिकांशले राजनीतिक अस्थिरताको कारण मानेका छन् । त्यसैले जनताबाट प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति, पूर्ण समानुपातिक संसद र राष्ट्रपतिले आफू अनुकूल चयन गरेको विशेषज्ञहरुको मन्त्रीमण्डल हुनुपर्ने बहसपनि बेला बेलामा उठने गरेको छ। जेन जेडको आन्दोलनले पनि जनताबाट निर्वाचित कार्यकारी राष्ट्रपति सहित शासकीय स्वरुपमा परिवर्तनको कुरा गरेको छ । तर यो सम्विधान संशोधनले मात्र सम्भव छ । अन्तरीम प्रधानमन्त्रीबाट यस्तो अपेक्षा राख्नु बढता नै हुनेछ । श्रीमति कार्कीसँग जनताको अपेक्षा भने भ्रष्टाचार रोक्नु र तत्काल देखिएका दोषीहरुलाई कानुनी दायरामा ल्याउनुतर्फ बढी छ । श्रीमति कार्कीले बेला बेलामा नेपाली राजनीतिको आलोचना गर्ने गरेको विषयपनि प्रायः यो नै रहँदै आएको छ । जनताको आक्रोश र जेन जेडको आन्दोलनले अनेकौं नेताहरुको निजी महलहरुमा आक्रमण गरेर आफ्नो आक्रोशपूर्ण अपेक्षा प्रकट गरिसकेको छ । तर प्रधानमन्त्रीको चुनौती के छ भने उनको वरिपरी रहेका सचिवहरुको निकटबाट नै सत्तामाराजनीतिक भ्रष्टाचारको जन्म र संरक्षण हुन्छ । राजनीतिक नेताहरुलाई भ्रष्टाचार सिकाउने भ्रष्ट कर्मचारीतन्त्र नै हो, जो हरेक राजनीतिक परिवर्तनमा उपरी काँचुलीमात्र फेर्छ । राजनीतिक परिवर्तन जस्तै कर्मचारीतन्त्रको उपल्लो पंक्तिमा समेत नयाँ निर्देशन सहित परिवर्तनको आवश्यकता हुन्छ । यी सचिवहरुसँग प्रम कार्की कति सहज वा अनुदार हुन्छ, हेर्नु जिज्ञासामय हुनेछ ।

यिनै चुनौती र जनअपेक्षाको चाङ्गको भारी सहित श्रीमति कार्की प्रधानमन्त्रको कुर्सीमा विराजमान भएकी छिन्। यी जनअपेक्षालाई पूरा गर्नसकिन् भने छ महिनाकै छोटो कार्यअवधि भएकीश्रीमति कार्कीसँग एतिहासिक प्रधानमन्त्री हुने अवसर छ । समग्रमा श्रीमति कार्की कुनै अनपेक्षित योजनाको उपज हुन् वा होइनन्, यसको निर्क्यौलपनि उनको आगामी कार्यकलापहरुले तय गर्ने छ। यद्यपि कार्यकाल सफल होस, जनताको अपेक्षा पूरा होस र उनको नेतृत्वमा नेपालमा जनहितकारी स्वच्छ राजनीतिक संस्कृतिको विकास होस् भन्ने शुभकामना दिनु उचित नै होला ।

> आन्दोलनमा पर्दा पछाडीबाट भूमिका खेल्ने गुरुङ्ग र काठमाडौं महानगरपालिकाका मेयर बालेन साह देखिँदै आएका थिए । तर गृह र कानुन मन्त्रीको रुपमा अधिवक्ता ओमप्रकाश अर्याल नियुक्त भएपछि सुदन गुरुङ्गले सार्वजनिकरुपमा असन्तुष्टि जनाएपछि पर्दापछाडी गुटगत प्रतिस्पर्द्धा, असन्तुष्टि र विवाद रहेको संकेत दिन्छ ।

# "जेन जि विद्रोह" पछि नेपाली कांग्रेसले निर्वाह गर्नुपर्ने दाइत्व

**प्रफुल्ल घिमिरे**

नेपालको राजनीति इतिहास उतरचढाव र विद्रोहले भरिएको छ। चाहे २००७ सालको क्रान्ति होस, २०४६ सालको जन आन्दोलन होस, दस वर्षे माओवादी द्वन्द होस वा २०६२/०६३ को दोस्रो जन आन्दोलन , हरेक आन्दोलनको आफ्नै पृष्ठभुमि र चरित्र छ। धेरै जसो आन्दोलनमा एउटा साझा प्रवृत्ति देखिन्छ - लामो समयदेखि भित्रभित्रै सल्किएको असन्तुष्टि कुनै एक विन्दूमा पुगेपछि अप्रत्याशित रुपमा विस्फोट हुनु र छोटो समयमै उत्कर्षा पुग्नु। " जेन जि" विद्रोह "पनि यहि प्रवृत्तिसंग सम्बन्धित छ।

वर्षौ देखि जम्म हुदै आएको निराशा र आत्क्रोशको चरम बिन्दुमा "भ्रस्टाचार , व्यथिती, कुशासन ,दण्डहीनता" को विरुद्ध प्रारम्भ भएको " जेन जि विद्रोह " मा देखिएका उग्र क्रुर दमनले विष्फोटक बन्न पुग्यो। जबकि यो स्वतःस्फुर्त र असंगठित प्राकृतिको " भ्रष्टाचार -कुशासन " विरुद्धको आन्दोलन थियो। आगोको सानो झिल्का फैलिएर डढेलोको रुप लिन पुग्यो । स-साना असन्तुष्टिहरु चर्किएर देश्व्यापी अराजक स्थिति सिर्जना हुन पुग्यो । अन्ततः सरकारको नेतुत्व नै परिवर्तन भयो। २०७२ को संविधानलाई आत्मसात गर्दै यसै संविधानका धाराहरुलाई नै टेकेर पूर्व प्रधान न्यायाधीश शुशिला कार्कीको नेतृत्वमा नेपालले नयाँ सरकार पाएको छ।

यस विषम परिस्थितिमा नेपाली कांग्रेसले अब अत्यन्तै सुझबुझ, धैर्य र दूरदर्शिताका साथ आफ्नो भूमिका निर्वाह गर्नुपर्ने हुन्छ। यो उसका लागि राजनीतिक 'पुनर्जन्म' को अवसर पनि हो र अस्तित्वको संकट पनि।

कांग्रेसले अब खेल्नुपर्ने भूमिकालाई निम्न बुँदाहरूमा विस्तृत रूपमा विश्लेषण गर्न सकिन्छः

**'जेन जि विद्रोह' बाट कांग्रेसले सिक्नुपर्ने पाठ**

यो विद्रोह कांग्रेसका लागि एउटा कठोर तर आवश्यक 'पाठशाला' हो। उसले सिक्नुपर्ने मुख्य पाठहरू हुन्ः

-जनता सर्वोपरी हुन्ः पार्टी, नेता र गुटभन्दा माथि जनताको आवाज हुन्छ। जनताको आवाजलाई नजरअन्दाज गर्दा जतिसुकै पुरानो र शक्तिशाली दल पनि पत्तासाफ हुन सक्छ।

-भ्रष्टाचार र दण्डहीनता राजनीतिको क्यान्सर होः आफ्ना नेता-कार्यकर्ताले गरेको भ्रष्टाचारलाई संरक्षण दिँदा त्यसले अन्ततः पार्टीलाई नै खान्छ भन्ने कुरा कांग्रेसले अब कहिल्यै बिर्सनु हुँदैन।

-नेतृत्व आजीवन ठेक्का होइनः एउटै पुस्ताले अनन्तकालसम्म नेतृत्व लिइरहँदा पार्टी र देश दुवै पछाडि पर्छन्। समयमै नेतृत्व हस्तान्तरण र नयाँ विचारलाई स्वागत नगर्दा पार्टी अप्रासंगिक बन्छ।

-जनतासँगको दूरी सर्वनाशको सूचक होःकाठमाडौंका बन्द कोठामा बसेर बनाइने नीति र गठबन्धनले देश चल्दैन। जनताको पीडा र आकांक्षा नबुझ्ने पार्टीलाई जनताले आफ्नो मनबाट हटाइदिन्छन्।

**कांग्रेसको अबको दायित्व**

सत्ता बाहिर रहँदा कांग्रेसको दायित्व झन् बढेको छ। अब उसले परम्परागत प्रतिपक्षको भूमिकाभन्दा माथि उठेर काम गर्नुपर्छः

-लोकतन्त्र र संविधानको रक्षाः 'जेन जि विद्रोह' पछिको तरल राजनीतिक अवस्थामा कुनै पनि अतिवादी वा प्रतिगामी शक्तिले व्यवस्थालाई नै उल्ट्याउने प्रयास



गर्न सक्छ। यस्तो अवस्थामा लोकतान्त्रिक प्रणाली र संविधानको रक्षा गर्नु कांग्रेसको प्रमुख दायित्व हो।

-सुधारको सहयोगीःसुशीला कार्कीको सरकारले चाल्ने भ्रष्टाचार विरोधी र सुशासनका कदमहरूलाई सफल बनाउन सहयोग गर्नु कांग्रेसको नैतिक र राजनीतिक दायित्व हो। प्रणालीगत सुधारका लागि यो सरकारलाई असफल बनाउनु भनेको देशलाई नै असफल बनाउनु हो भन्ने कांग्रेसले बुझ्नुपर्छ।

-आन्तरिक शुद्धीकरणःअहिलेको सबैभन्दा ठूलो दायित्व आफ्नो घर सफा गर्नु हो। पार्टीभित्रको फोहोर नसोहोरेसम्म जनताले कांग्रेसलाई विश्वास गर्ने छैनन्।

संगठनभित्र गर्नुपर्ने नीतिगत सुधार

**'हामी बदलियौं' भनेर भाषणमा होइन, नीति र विधानमै देखाउनुपर्छः**

-कठोर आचारसंहिता निर्माणः कुनै पनि तहको नेता वा कार्यकर्तामाथि भ्रष्टाचारको गम्भीर आरोप लागेमा छानबिन नसकिँदासम्म स्वतः पदबाट निलम्बन हुने र दोषी ठहर भएमा आजीवन पार्टीको कुनै पनि जिम्मेवारी लिन नपाउने गरी विधानमै व्यवस्था गर्ने।

-नेतृत्व हस्तान्तरणको नीतिः पार्टीको कार्यकारी पदहरूमा दुई कार्यकालभन्दा बढी बस्न नपाउने र निश्चित उमेर हद को नीति लागू गर्ने। वरिष्ठ नेताहरूका लागि "अभिभावक परिषद्" जस्तो सम्मानजनक तर कार्यकारी अधिकार नभएको संरचना बनाउने।

-योग्यता र मूल्यांकन प्रणालीः पार्टीभित्र अवसरहरू (टिकट वितरण, नियुक्ति) नेताको खल्तीबाट होइन, एउटा पारदर्शी योग्यता र मूल्यांकन प्रणालीबाट वितरण गर्ने नीति बनाउने।

-नीति अनुसन्धान प्रतिष्ठानको पुनर्संरचनाः८८ पार्टीलाई २१औं शताब्दीको चुनौती सामना गर्न सक्षम बनाउन विज्ञहरू सम्मिलित एक शक्तिशाली र स्वायत्त 'थिंक ट्र्यांक' को पुनर्संरचना गर्ने, जसले देशका समस्याहरूमाथि अध्ययन गरेर पार्टीलाई नीतिगत सुझाव देओस्।

**सुशीला कार्की सरकारप्रतिको दृष्टिकोण**

कांग्रेसले यो सरकारप्रति परम्परागत 'अन्ध-विरोध' को नीति लिनु हुँदैन। उसको दृष्टिकोण "शसर्त र रचनात्मक समर्थन" को हुनुपर्छ।

-समर्थनः सरकारले चाल्ने भ्रष्टाचार विरुद्धका हरेक कदम, प्रशासनिक सुधारका प्रयास र दण्डहीनता अन्त्य गर्ने अभियानमा कांग्रेसले बिनासर्त समर्थन गर्नुपर्छ। यस्ता कानुनहरू बनाउन लागु गराउन कांग्रेसले सहयोगीको भूमिका खेल्नुपर्छ।

-रचनात्मक आलोचनाः८८ तर, यदि सरकारले संविधानको मर्मविपरीत, लोकतान्त्रिक प्रक्रिया मिचेर वा राष्ट्रिय हितमा आँच आउने कुनै काम गर्न खोजेमा, कांग्रेसले एक जिम्मेवार प्रतिपक्षको रूपमा शिष्ट र तर्कपूर्ण ढंगले खबरदारी गर्नुपर्छ।

-लक्ष्यःकांग्रेसले आफूलाई 'सुधारको बाधक' होइन, 'सुधारको सहयोगी र लोकतन्त्रको पहरेदार' को रूपमा स्थापित गर्नुपर्छ।

**जनतामाझ प्रस्तुत हुने भूमिका**

कांग्रेसले अब आफ्नो छवि पूर्ण रूपमा बदल्नुपर्छः- पश्चात्तापसहितको सुधारकः८८ पार्टीले सार्वजनिक रूपमा आफ्ना विगतका गल्तीहरू स्वीकार गर्नुपर्छ। "हामीबाट गल्ती भयो, अब हामी सच्चिन चाहन्छौं" भन्ने नम्रतापूर्ण सन्देश जनतामाझ लैजानुपर्छ ।

## इतिहास बोकेर फेरी उभिनेछ सिंहदरबार

काठमाण्डु । जेनजी प्रदर्शनको क्रममा भएको आगजनीले खण्डहर बनेको छ, सिंहदरबार । तर पनि शिरमा फहराईरहेको छ चन्द्र सूर्य अङ्कित राष्ट्रिय झण्डा । झण्डासँगै आशा र विश्वास बोकेर उभिरहेको छ, सिंहदरबार ।

आगोका लप्काले खाएको सिंहदरबार नियाल्दै गर्नुभएका त्रिभुवन विश्वविद्यालयका प्राडा केशव बस्याल निकै भावुक देखिनुहुन्थ्यो । तर पनि नेपाल र नेपालीको आस्थाको धरोहर फेरि उभिनेमा उहाँ उत्तिकै आशावादी हुनुहुन्छ । रसिलो आँखा पार्दै उहाँले भन्नुभयो, "यो सबै दृश्य मेरा आँखाले राम्रोसँग हेर्न पनि सकेका छैनन्, स्वाभाविक रुपमा भावुक छु, तर निराशासँगै आशा र विश्वास ढलेको छैन । पक्कै फेरि पनि सिंहदरबार उभिनेछ भन्नेमा म विश्वस्त छु ।"

सिंहदरबार आगजनी र तोडफोडले कुरुप बनेको छ । भग्नावशेषमाथिको झण्डाले साँच्चिकै फेरि राष्ट्रिय एकतासहित उठ्नुपर्छ भन्ने भाव बोलिरहेझैं लाग्छ । धुवाँधुवाँ बनेका सिंहदरबारको भित्ताहरुका कला कौशलले पुनःनिर्माण पर्खिरहेका छन् । आकर्षक शिल्पी र कला धुँवाको पोतोले लतपतिएका छन् । सिंहदरबारको तस्बिर कैद गरिरहनुभएकी कानुन व्यवसायी देवमाया घिमिरेले भन्नुभयो, "सिंहदरबार जलेको दृश्यले मन जलायो । हृदय भारी भयो । भवनको तस्बिर कैद गर्दा आफैंलाई बिझेजस्तो भयो । यो सबै दृश्य शब्दमा विश्लेषण गर्न सकिँदैन ।"

अर्का कानुन व्यवसायी सुमित्रा श्रेष्ठलाई सिंहदरबार र यस्ता सार्वजनिक सम्पत्ति नजलाइदिए हुन्थ्यो भन्ने लागेको छ । सायद सिंदरबार पुग्ने जो कोहीका अनुहार मलिन देखिन्छन् । कैयौंका आँखा रसाएको हुनुपर्छ । जलेको सिंहदरबार आइतबार मध्यान्ह नियाल्दै गर्दा पंक्तिकारको मनमा



पनि वेदना र खुल्दुली पोखियो । अधिकांशले मोबाइल र क्यामेराले सिंहदरबारको तस्बिर र भिडियो कैद गरिरहेका थिए । तस्बिर कैद गर्दा अधिकांशमा मौनता देखिन्थ्यो ।

आइतबार प्रशासनिक कार्य खुलेपछि सिंहदरबारमा चहलपहल थियो । बाक्लो सङ्ख्यामा कर्मचारी एवं अन्य व्यक्तिहरु सिंहदरबार अवलोकन गरिरहेका थिए । सिंहदरबार नेपालको प्रशासनिक इतिहासको पछिल्लो भौतिक प्रमाण पनि हो । प्राध्यापक बस्याललाई इतिहास जल्दा पहिचान हराउँछकी भन्ने चिन्ता छ । उहाँ भन्नुहुन्छ, "सिंहदरबार नेपालको वैभवशाली विकासको प्रमाण थियो । पटकपटक आक्रमणमा पर्नु सम्पदा र संस्कृतिमाथिको चुनौती हो । यो देख्दा अत्यन्तै दुःख लागेको छ । यो 'रिनोभेट' गर्न नसकिने त हैन । मुलुकले धेरै ठूलो रकम खर्च गर्नु पर्दा अरु क्षेत्रमा जाने रकम खुम्चिन्छ । फेरि आशा गरौं सिंहदरबार उठ्नेछ ।"

गोरखा भूकम्पले क्षतिग्रस्त सिंहदरबार पुनःनिर्माणपछि निकै आकर्षक देखिएको थियो । सङ्घीय संसद् सचिवालयका कर्मचारी केशव अधिकारीले पुनःनिर्माणपछिका दृश्य सम्झिँदै थप्नुभयो, "धेरै राम्रो भएको थियो । अहिले यसरी जलेर खण्डहर हुँदा दुःख लागेको छ । नेपाल आफैंले ठूलठूला पूर्वाधार बनाउन कठिन छ । बनिरहेका पूर्वाधारले नेपाल बन्दैछ भन्ने आशा जगाएको थियो । अहिले यो दृश्यले भावुक बनायो ।"

सिंहदरबार नेपालको राजनीतिक, प्रशासनिक र ऐतिहासिक जीवन्त दस्तावेज हो । राज्यका सम्पदा र प्रशासनिक सुरक्षामाथिको आगजनीले इतिहास र सम्पदामाथि प्रहार भएको छ ।

कर्णाली प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयका कर्मचारी नवराज रिजालले सिंहदरबारको दृश्य असाध्यै पीडादायी रहेको बताउनुभयो । "एकदम दुःखदायी अवस्थामा देखियो । अत्यन्तै भावुक र चिन्तित बनायो । देशको ऐतिहासिक धरोहर र प्राकृतिक सम्पदा हो । सरकारले यसलाई जुन अवस्थामा थियो सोही अवस्थामा बनाउदा उपयुक्त हुन्छ", उहाँले भन्नुभयो ।रासस

# अर्थमन्त्री खनालले कार्यान्वयन गर्ने भनेको प्रतिवेदनमा के छ ?

काठमाण्डु । नवनियुक्त अर्थमन्त्री रामेश्वरप्रसाद खनालले सोमबार कार्यभार सम्हाल्दै उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगको प्रतिवेदन कार्यान्वयन गरिने बताउनुभएको छ ।

अर्थतन्त्र सुधारका लागि खनालकै संयोजकत्वमा गठन गरिएको आयोगले २०८१ चैत २९ गते विभिन्न सुझाव र सिफारिससहित सरकारलाई प्रतिवेदन बुझाएको थियो । अन्तरिम सरकारले के-कति सुधारका काम गर्न सक्ला ? भन्ने शङ्काको सुविधा छ । यद्यपि, खनालले भ्रष्टाचार निवारण तथा सुशासन, बजेटमा परेका योजनाको प्राथमिकीकरण तथा खर्च कटौती, पुनर्निर्माण, निजी क्षेत्रको मनोबल विकासमा काम केन्द्रित हुने बताउनुभएको छ । अघिल्लो सरकारले ल्याएको बजेटबाटै सुधार थाल्ने उल्लेख गर्दै अर्थमन्त्री खनालले मुलुकको समग्र अर्थतन्त्र सुधार र सार्वजनिक वित्त व्यवस्थापनका लागि उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगले गरेका सिफारिस कार्यान्वयन गरिने बताउनुभयो । उक्त प्रतिवेदनमा के-कस्ता सुधारका उपायहरु औंल्याइएका थिए भनेर राससले प्रमुख बुँदाहरु यहाँ उल्लेख गरेको छ ।

गत चैत २९ गते आयोगले सरकारलाई बुझाएको प्रतिवेदनमा शिथिल अवस्थामा रहेको मुलुकको अर्थतन्त्र चलायमान बनाउन हस्तक्षेपकारी भूमिका निर्वाह गर्न सिफारिस गरेको थियो । आन्तरिक बजार मागमा ह्रास र लगानीमा वृद्धि हुन नसक्नुलाई अर्थतन्त्रको मुख्य चुनौतीका रुपमा आयोगले उजागर गरेको थियो । "उपभोगको वृद्धिदर घट्नु र लगानीमा ह्रास आउनु अर्थतन्त्रको वर्तमान चरित्रका रुपमा देखिएको छ । कर्जा वृद्धि कम हुनु, घरजग्गाको कारोबारमा ह्रास आउनु, सहकारीमा लाखौं मानिसको बचत फस्नु, सरकारले गर्नुपर्ने भुक्तानी समयमा नहुनु, उधारो असुलीमा समस्या आउनु र निर्माण क्षेत्र सङ्कटग्रस्त बन्दै गएकाले उपभोग र लगानीमा ह्रास आएको देखिन्छ", तत्कालीन अर्थमन्त्री विष्णुप्रसाद पौडेललाई प्रतिवेदन बुझाउँदै खनालले भन्नुभएको थियो । समस्या देखिएका यी क्षेत्रमा सरकारले तत्काल नीतिगत हस्तक्षेप गरी अर्थतन्त्रलाई सही दिशा दिनुपर्ने आयोगको सुझाव थियो ।

आयोगको प्रतिवेदनले आयातमा निर्भरता, उत्पादकत्वमा स्थायी अवरोध, निजी क्षेत्रको सशक्त भूमिकाको अभाव, वित्तीय क्षेत्रमा कमजोर अनुशासन, सार्वजनिक खर्चको कार्यक्षमता अभाव, र श्रम बजारको प्रभावहीन संरचनालाई प्रमुख समस्या मानेको छ । यस्ता संरचनात्मक समस्याको दीर्घकालीन समाधानका लागि नीतिगत स्पष्टता, संस्थागत जिम्मेवारी तथा पारदर्शिता र समन्वयात्मक ढंगले कार्यान्वयन प्रणालीको विकास अपरिहार्य रहेको उल्लेख छ ।

तत्काल विद्यमान आर्थिक शिथिलता अन्त्य गरी अर्थतन्त्रलाई गतिशीलता प्रदान गर्ने, आर्थिक अवसरहरू सिर्जना गर्ने, विश्वासमा आधारित प्रणाली निर्माण गर्ने, उपलब्ध प्राकृतिक स्रोतको दिगो तथा सर्वोत्तम उपयोग गर्ने, सीमारहित अर्थतन्त्र निर्माण गर्ने, र समष्टिगत आर्थिक स्थायित्व कायम गर्दै आर्थिक वृद्धि दर बढाउने विषयलाई केन्द्रमा राखेर सुधार थालिनुपर्ने आयोगका सुझाव थिए ।

त्यसैगरी आर्थिक सुशासन, निजी क्षेत्र अभिवृद्धि, वित्तीय क्षेत्र सुदृढीकरण, सार्वजनिक सेवा तथा पूँजीगत खर्च सुधार, श्रम बजार सुधार, सामाजिक क्षेत्रको प्रभावकारितालगायतका सुझाव उक्त प्रतिवेदनमा समेटिएका थिए ।

अर्थतन्त्र सुधारको सुरुआत सुशासनबाट हुनुपर्ने ठहर गर्दै आयोगले पारदर्शी नीति निर्माण, परिणाममुखी योजना तथा कार्यक्रम निर्माण, लागत-लाभ विश्लेषणमा आधारित सरकारी बजेट निर्माण र अनावश्यक नियमकीय हस्तक्षेप अन्त्यका लागि पनि सिफारिस गरेको छ । अर्थमन्त्रीको कार्यभार सम्हालेलगत्तै खनालले चालु आर्थिक वर्षको बजेटमा परेका टुक्रेयोजना, राजनीतिक प्रभावमा बजेटमा परेका योजना र पूर्वतयारी नभएका योजना कटौती गर्ने भन्दै त्यस्ता आयोजना पहिचान गर्न निर्देशन दिइसक्नुभएको छ ।

निजी क्षेत्रलाई विकासको मुख्य इञ्जिन मान्दै आयोगले 'निजी क्षेत्र अनुकूल वातावरण' निर्माणमा जोड दिएको थियो । नवनियुक्त अर्थमन्त्री खनालले पनि निजी क्षेत्रको खस्केको मनोबल उकास्नु प्रमुख प्राथमिकता रहेको दोहोऱ्याउनुभएको छ । लगानीमैत्री नीति,श्रमऐनमालचकता,श्रम-पुँजी-प्रविधि समन्वयको प्रवर्द्धन तथा सार्वजनिक-निजी साझेदारी (पिपिपी) मा स्पष्ट नीति निर्माण आवश्यक रहेको आयोगको ठहर थियो । साना तथा मझौला उद्योगलाई औपचारिकीकरण गर्दै वित्तीय पहुँच, बजार सुनिश्चितता तथा प्रविधि हस्तान्तरण सुनिश्चित गरिनुपर्ने आवश्यकता आयोगले औंल्याएको थियो ।

आयोगको प्रतिवेदनमा सार्वजनिक क्षेत्रको सुधारका लागि पुँजीगत खर्चमा पारदर्शिता, योजनाको प्राथमिकताक्रमको पुनरावलोकन तथा कार्यान्वयन क्षमतामा आधारित बजेट निर्माणमा जोड दिइएको छ । पछिल्ला वर्षहरूमा पुँजीगत खर्चको न्यून कार्यान्वयन तथा खर्चको अन्तिम त्रैमासिकमा बढी खर्च हुने प्रवृत्तिले सार्वजनिक स्रोतको दुरुपयोग बढाएको आयोगको बुझाइ छ । योजनाको लागत र समयसीमालाई प्रमुख मानक बनाएर ठेक्का प्रणाली सुधार गर्ने र 'डिजिटल ट्र्याकिङ' प्रणाली अवलम्बन गर्नेलगायतका सिफारिस आएका थिए ।

श्रम बजार सुधारका लागि प्रविधियुक्त रोजगार सिर्जना, वैदेशिक रोजगारमा निर्भरता घटाउने, महिला तथा युवाको सहभागिता बढाउने र सीप विकासमा सरकार-निजी क्षेत्र सहकार्यको प्रणाली विकास गर्नुपर्ने आयोगले आफ्नो प्रतिवेदनमा उल्लेख गरेको छ । सीप विकास संस्थानहरूलाई पुनःसंरचना गर्दै बजारको मागअनुसार तालिम संरचना बनाउने र प्रविधिमा आधारित सीप परीक्षण तथा प्रमाणीकरण प्रणाली लागू गर्ने उपायहरू प्रतिवेदनमा समावेश छन् ।

शिक्षा प्रणालीलाई रोजगारी तथा उत्पादनसँग जोड्ने, स्वास्थ्य सेवामा गुणस्तरको मानक लागू गर्ने, सामाजिक सुरक्षालाई पुनःसंरचना गर्ने प्रस्ताव गरिएको छ । सामूहिक बिमा प्रणाली, बहुआयामिक गरिबी मापन प्रणालीको विकास र डिजिटल प्रणालीमार्फत सेवा प्रवाहलाई समावेशी बनाउन आयोगले विशेष जोड दिएको छ । यस्ता उपायले दिगो मानव विकासको आधार तयार गर्ने अपेक्षा गरिएको छ ।

सङ्घीयता कार्यान्वयनलाई प्रभावकारी बनाउन पनि आयोगले महत्त्वपूर्ण सुझाव दिएको छ । सङ्घीय संरचनाअनुसार वित्तीय समानता, सेवा प्रवाहमा स्पष्ट जिम्मेवारी बाँडफाँट तथा प्रदेश-स्थानीय तहको राजस्व संकलन क्षमताको विकासजस्ता विषयहरुलाई आयोगले महत्वका साथ उठाएको छ ।

त्यसैगरी राजस्व बाँडफाँटसम्बन्धी विद्यमान सुत्र (फर्मुला) को पुनरावलोकन, अन्तरसरकारी समन्वय निकाय सुदृढीकरण तथा स्थानीय तहमा योजना कार्यान्वयन क्षमताको मूल्याङ्कन प्रणालीको विकास गरिनुपर्ने आयोगका सुझाव छन् ।

वित्तीय क्षेत्र सुधारतर्फ आयोगले सहकारीलाई नियमनको दायरामा ल्याउने, कर्जाको गुणस्तर सुधार गर्ने, तथा वित्तीय साक्षरतामा व्यापक कार्यक्रम ल्याउने सिफारिस गरेको थियो । नेपाल राष्ट्र बैंकले मौद्रिक नीतिमार्फत उत्पादनमुखी कर्जालाई प्राथमिकता दिनुपर्ने तथा ब्याजदर अस्थिरता नियन्त्रण गर्न स्पष्ट रूपरेखा बनाउनुपर्ने आयोगको सुझाव थियो ।

वित्तीय पहुँचको क्षेत्रीय असमानता हटाउँदै ग्रामीण क्षेत्रसम्म औपचारिक वित्तीय सेवा पुऱ्याउने दीर्घकालीन दृष्टिकोण आवश्यक रहेको प्रतिवेदनमा उल्लेख छ । बैंक तथा वित्तीय संस्थाका वास्तविक समस्याग्रस्त ऋणीहरूलाई कर्जा पुनर्तालिकीकरण र कर्जा पुनःसंरचनाको अतिरिक्त व्यवसाय सञ्चालन गर्नसक्ने अवस्था यकिन गरी लक्षित रूपमा थप कर्जा प्रवाह गर्न आयोगले सिफारिस गरेको थियो । व्यापारिक उधारो असुली ऐन जारी गर्ने र व्यावसायिक आर्थिक कारोबारमा विक्रेताले क्रेताको साख मूल्याङ्कन (क्रेडिट स्कोर) हेर्नुपर्ने व्यवस्था लागू गर्ने व्यवस्था मिलाउन सरकारलाई आयोगको सिफारिस थियो ।



"उपभोगको वृद्धिदर घट्नु र लगानीमा ह्रास आउनु अर्थतन्त्रको वर्तमान चरित्रका रुपमा देखिएको छ । कर्जा वृद्धि कम हुनु, घरजग्गाको कारोबारमा ह्रास आउनु, सहकारीमा लाखौं मानिसको बचत फस्नु, सरकारले गर्नुपर्ने भुक्तानी समयमा नहुनु, उधारो असुलीमा समस्या आउनु र निर्माण क्षेत्र सङ्कटग्रस्त बन्दै गएकाले उपभोग र लगानीमा ह्रास आएको देखिन्छ"

समस्याग्रस्त सहकारी संस्थाहरूको सम्पत्ति बिक्री गरेर वा ऋण असुली गरेर निक्षेप फिर्ता गर्न समय लाग्ने भएकाले सरकारले पछि सहकारीको सम्पत्तिबाट असुल गर्ने गरी तत्काल रु पाँच अर्बदेखि रु १० अर्ब निकासा दिएर रु पाँच लाखभन्दा साना बचतकर्ताको निक्षेप फिर्ताको व्यवस्था मिलाइनुपर्ने सुझाव आयोगबाट आएको थियो ।

आयोगले जनकपुर चुरोट कारखानासहित पाँच सार्वजनिक संस्थान खारेज गर्न पनि सरकारलाई सिफारिस गरेको थियो । जनकपुर चुरोट कारखाना, बुटवल धागो कारखाना, नेपाल इञ्जिनियरिङ कन्सलटेन्सी सेवा केन्द्र, नेशनल कन्स्ट्रक्सन कम्पनी नेपाल र नेपाल ओरियन्ड म्याग्नेसाइट प्रालिलाई खारेजीको सिफारिस आएको थियो ।

हेटौंडा सिमेन्ट उद्योग र उदयपुर सिमेन्ट उद्योगको सम्पत्ति तथा दायित्वको मूल्याङ्कन (डिडिए) गरेर गाभ्ने र सरकारको केही हिस्सामात्र राखेर बाँकी निजी क्षेत्रलाई शेयर बिक्री गर्नुपर्ने, नेपाल वायुसेवा निगमको पुनःसंरचना गरी बाह्य रणनीतिक साझेदार भित्र्याएर व्यावसायिक ढङ्गले व्यवस्थापन गरिनुपर्ने आयोगको प्रतिवेदनमा उल्लेख छ ।

दुग्ध विकास संस्थानलाई सात प्रदेशमा रहने गरी प्रदेश सरकारको सार्वजनिक संस्थानको रुपमा परिणत गर्न सिफारिस गरिएको थियो । सार्वजनिक संस्थानमा राजनीतिक हस्तक्षेप नगरी व्यावसायिक ढङ्गले सञ्चालन गर्न विद्यमान कम्पनी ऐनमा संशोधन, सरकारको एकल स्वामित्वमा रहेका पब्लिक लिमिटेड कम्पनीको रूपमा होल्डिङ कम्पनी रहन सक्ने व्यवस्था, सबै सार्वजनिक संस्थानको समयमा लेखा परीक्षणलगायतका सुझाव आयोगमार्फत आएका थिए ।

कार्यसम्पादन सूचकहरू दिएर सार्वजनिक संस्थानहरूमा क्षमतावान व्यक्तिहरू नियुक्ति गर्ने र व्यावसायिक ढङ्गले सञ्चालन गर्न सक्ने गरी स्वायतता प्रदान गर्ने व्यवस्था मिलाउन पनि सरकारलाई सिफारिस गरिएको थियो । त्यस्तै, सार्वजनिक संस्थानहरूलाई पब्लिक लिमिटेड कम्पनीमा रूपान्तरण गरी सर्वसाधारणलाई शेयर बिक्री गर्ने र बण्ड जारी गरेर लगानीको लागि पुँजी परिचालन गर्न सक्ने व्यवस्था मिलाइनुपर्ने उल्लेख छ । सार्वजनिक संस्थानहरूमा कर्मचारीको तलब वा अन्य खर्च भुक्तानी गर्नका लागि ऋण दिन बन्द गरिनुपर्ने पनि आयोगका सुझाव थिए ।

राजस्व न्यायाधीकरणको संरचना सुधार गरी स्तर बढाउनुपर्ने र कर अनुसन्धानका लागि अन्य निकायहरू पनि रहेको सन्दर्भमा राजस्व अनुसन्धान विभाग खारेज गरी अन्य निकायहरूको क्षमता अभिवृद्धि गरिनुपर्ने सुझावसमेत आयोगले दिएको थियो ।

आयोग प्रतिवेदन कार्यान्वयनका लागि निवर्तमान सरकारले गत जेठमा 'आर्थिक सुधार कार्यान्वयन कार्ययोजना, २०८२' समेत जारी गरेको थियो । अर्थतन्त्र सुधारका लागि छ महिनादेखि तीन वर्षसम्म सम्पन्न गरिसक्नुपर्ने समयसीमासहित कार्ययोजना तयार पारिएको छ । कार्ययोजनाअनुसार बैंकिङ प्रणालीको सञ्चालन लागत कम गर्न, क्षमता अभिवृद्धि गर्न र वित्तीय स्थायित्व कायम गर्न कर्जा र निक्षेपको ब्याजदर अन्तर एक वर्षभित्र कम गरिसक्ने लक्ष्य राखिएको छ ।

बैंकिङ प्रणालीको सञ्चालन लागत कम गर्ने, कर्जा र निक्षेपको ब्याजदर कम गर्दै जानेलगायतका कामहरु एक वर्षभित्र गरिसक्ने गरी समयसीमा निर्धारण गरिएको छ । आगामी एक वर्षभित्र अर्थतन्त्रमा ब्याजदरको उतारचढावलाई सम्बोधन गर्न ऋणपत्र बजारको विकास एक वर्षभित्र सक्ने भनिएको छ ।

मुद्रास्फीति नियन्त्रणका लागि सरकारी खर्च कटौती तथा अप्रत्यक्ष करका दरहरुमा कमि ल्याउने काम एक वर्षभित्र गरिसक्ने कार्ययोजनामा उल्लेख छ । भारतीय रुपैयाँसँगको विनिमय दरको विकल्पमा अध्ययन तथा अनुसन्धान गर्ने काम आगामी एक वर्षभित्र गरिसक्ने सरकारको योजना थियो ।

आगामी दुई वर्षभित्र विभिन्न १४ वटा ऐन खारेज गरिसक्ने कार्ययोजनामा उल्लेख छ । खारेज हुने ऐनमा आयकर टिकट दस्तुर ऐन २०१९, कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन २०३२, निजी वन जङ्गल राष्ट्रियकरण ऐन २०१३, प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०१३, क्षतिपूर्ति ऐन २०१९, बिर्ता उन्मूलन ऐन २०१६ लगायतका ऐनहरु खारेज गर्न समितिले सिफारिस गरेको छ । त्यस्तै, बिर्तावालले बिर्तामा रकम लगाई लिन खान नपाउने ऐन २०१५, राजस्व चुहावट ऐन २०५२, विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन २०२१, नेपाल एजेन्सी ऐन २०१४, प्रादेशिक विकास योजनाहरु ऐन २०१३, सामाजिक व्यवहार सुधार ऐन २०३३, नेपाली मुद्राको चलनचल्ती बढाउने ऐन २०१४ र वित्तीय मध्यस्थताको काम गर्ने संस्थासम्बन्धी ऐन, २०५५ लाई आगामी दुई वर्षभित्र खारेज गरिसक्ने गरी कार्ययोजना बनाइएको छ ।

## आयोजना कटौती गरी रु एक खर्ब स्रोत जुटाउन सकिन्छः अर्थमन्त्री खनाल

काठमाण्डु । नवनियुक्त अर्थमन्त्री रामेश्वर खनालले राजनीतिक दबाबमा बजेटमा परेका, तयारी नभएका र टुक्रे आयोजना कटौती गर्ने हो भने करिब रु एक खर्ब स्रोत जुटाउन सकिने बताउनुभएको छ ।

सोमबार मन्त्रालयमा पदभार ग्रहणपछि कर्मचारीहरुलाई निर्देशन दिँदै उहाँले छ महिनाभित्र निर्वाचन गर्नुपर्ने अवस्था, पुनःनिर्माणलगायतका कामका लागि बजेटमा परेका आयोजना फिल्टर तथा कार्यक्रम कटौती गरी स्रोत जुटाइने बताउनुभयो ।

उहाँले सोमबार बजेटमा भएका कार्यक्रम कटौतीका लागि बजेट महाशाखा प्रमुखको संयोजकत्वमा तीन सदस्यीय कार्यदल समेत गठन गर्नुभएको छ । उक्त कार्यदलले बजेटका आयोजनालाई फिल्टर गरी प्राथमिकिकरण गर्नेछ ।

उहाँले जेनजीप्रदर्शनका कारण सिंहदरबारमा ठूलो क्षति पुगेको उल्लेख गर्दै चाँडो भग्नावशेष हटाइ भित्तामा रंगरोगन गरिने बताउनुभयो । "कालो लागेको भित्ता रंगरोगन गरौं । हामी विनासबाट उठ्यौं है भनेर अर्थ मन्त्रालयबाटै सन्देश दिन जरुरी छ, धेरै सार्वजनिक सम्पत्तिको बिमा भएको छैन", उहाँले भन्नुभयो, "निजी सवारीमा भएको क्षतिको दायित्व बिमाबाट पूर्ती हुनेछ, यो कामचलाउ सरकार हो, नयाँ सवारी साधन खरिद नगरौं, कवाडी भएको बिक्री गरौं, पुनःनिर्माण तत्कालै सुरु गरी हामी केही महिनाभित्रै उठ्यौ भन्ने सन्देश दिन जरुरी छ ।"

युवाले आफ्नो ज्यानको आहुती दिएर मुलुकको प्रमुख समस्यालाई निमिट्यान्न पारेको उल्लेख गर्दै उहाँले भन्नुभयो, "यो जिम्मेवारी युवा आफैले पनि लिन सक्थे, तर उहाँहरुले हामीलाई विश्वासका साथ जिम्मेवारी दिनुभएको छ, गल्ती गर्ने कुनै पनि गुञ्जायस नराखी काम गर्नेछौं ।"

उहाँले विगतमा के गरेका थियौं भन्ने बिर्सिन पनि कर्मचारीलाई आग्रह गर्नुभयो । "विगतमा गल्ती गरेको भए सजाय हुन्छ, स्रोतको दुरुपयोग नगर्नुहोला, सार्वजनिक सम्पत्ति व्यक्तिगत प्रयोजनमा प्रयोग नगर्न म निर्देशन दिन्छु", उहाँले भन्नुभयो ।

उहाँले निजी क्षेत्रमाथि आक्रमण भएको स्मरण गर्दै निजी क्षेत्रलाई विश्वासमा लिएर अगाडि बढ्न आवश्यक भएको बताउनुभयो । "हाम्रो सम्पर्क निजी क्षेत्रसँग छ, निजी क्षेत्रबाट पनि सुझाव लिनुपर्छ, राजस्व प्राप्तिका लागि निजी क्षेत्रलाई खुसी बनाउनुपर्ने आवश्यकता छ, राजस्व असुलीमा धेरै क्रुर र दबाब दिने अवस्था बनाउन हुँदैन । सेवामा सुधार गर्दै जाने हो भने राजस्व आफै बढ्छ । रासस


## Invitation for Bids

### Madhesh Institute of Health Sciences
### Janakpurdham, Dhanusha

**Date of publication: 16th September 2025**

1. Madhesh Institute of Health Sciences, Janakpurdham, Dhanusha invites electronic bids from eligible bidders for the construction of below mention works under National Competitive Bidding – Single Stage Single Envelope Bidding procedures.
2. Eligible Bidders may obtain further information from PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. Bidder should submit their bid electronically and may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document NRs. 3000/- in the Project's Rajaswa (revenue) account as specified below.

**Information to deposit the cost of bidding document in Bank:**

**Name of the Bank:** Laxmi Sunrise Bank Ltd, Janakpurdham, Dhanusha

**Name of Office :** Madhesh Institute of Health Sciences, Janakpurdham, Dhanusha

**Office Code no. :** 3700017022

**Office Account no.:** 1681699536011101

**Rajaswa (revenue) Shirshak no.:** 14229

**Dharauti Khata No.:-** 1681699540011103

4. lectronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 Noon on 16th Oct 2025. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2:00 PM on 16th Oct 2025 at the office of The Madhesh Institute of Health Sciences, Janakpurdham, Dhanusha. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of amount mention below in the table, which shall be valid for 30 days beyond the validity period of the bid (i.e. Total 120 days)
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

| SN | IFB No. | IFB/Contract Name | Cost Estimate (Exclusive of VAT,PS and Contingencies) | Bid Fee (NRs) | Bid Security (NRS) |
|---|---|---|---|---|---|
| 1 | MIHS/NCB/WORKS/2082-83/1 | The Construction of Manimandap Prayogshala ko Adhuro Bhawan Nirman. | 48,68,869/- | 3000/- | 1,26,000/- |

# हरित प्रविधिमा म्यान्माको अग्रसरता

सिन्ह्वा

याङ्गुन । हालै सम्पन्न 'म्यान्मा सवारी तथा पाट्र्स प्रदर्शनी २०२५' मा चिनियाँ विद्युत् सवारीसाधनहरूले विशेष ध्यान आकर्षित गरेका छन् । म्यान्माको सवारीसाधन क्षेत्रलाई नयाँ दिशातर्फ अघि बढाउनमा यिनको भूमिका महत्वपूर्ण देखिएको छ ।




तीन दिनसम्म सञ्चालन भएको उक्त प्रदर्शनीमा सहभागी भएका सबै ३५ सवारी ब्रान्ड चीनबाट आएका थिए, जसमा करिब ३० ब्रान्ड विद्युत् सवारी निर्माणमा केन्द्रित थिए । प्रदर्शनीको सह-आयोजक सिल्भर सी इन्टरनेशनल कम्पनी लिमिटेडका प्रबन्ध निर्देशक उ जर नि टिन म्यिन्टले भन्नुभयो,"आजको समयमा चीन सवारीसाधन उद्योगमा अग्रणी बनेको छ । चिनियाँ ब्रान्डहरूको गुणस्तर विश्वभर स्वीकार गरिएको तथ्य हो ।"

यस प्रदर्शनीको अवसरमा 'ऊर्जाको रूपान्तरणः विद्युतीय सवारीको भविष्य' नामक ज्ञान आदानप्रदान कार्यक्रम पनि आयोजना गरिएको थियो ।

सरकारी प्रोत्साहनपछि विद्युत् सवारीप्रतिको रुचिमा उल्लेखनीय वृद्धि

सन् २०२३ यता म्यान्मा सरकारले विद्युत् सवारीसाधन आयातमा कर छुट, पुल तथा सडक महसुलमा छूटजस्ता सुविधा प्रदान गरेपछि, आम जनमानसको यसप्रति आकर्षण उल्लेखनीय रूपमा बढेको देखिएको छ ।

स्वान थु आङ कम्पनीका प्रमुख व्यापार अधिकृतको सित पैङले बताउनुभयो,"सुरुवातमा हामीसँग १०-१५ वटा मात्र विद्युत् सवारी थिए, अहिले हामीले करिब ३०० वटा वितरण गरिरहेका छौं, जसमा ६०-७० वटा हाम्रो आफ्नै सञ्चालनमा छन् ।"

उहाँले थप्नुभयो,"विद्युत् सवारी चलाउन सजिलो, खर्चमा किफायती र चार्ज गर्न घर, सार्वजनिक स्थान वा सौर्य ऊर्जाको उपयोग गर्न सकिने भएकाले यसको प्रयोग सहज र व्यावहारिक बन्दै गएको छ ।"

म्यान्मा सरकारले सार्वजनिक गरेको विद्युत् सवारी मार्गचित्र अनुसार, सन् २०२६-२७ देखि आधा तयार अवस्थामा आयात गरी देशमै जोडीने प्रक्रिया (स्थानीय संयोजन) प्रारम्भ हुनेछ, जसले देशभित्रै उत्पादन प्रवर्धनमा योगदान पुऱ्याउनेछ ।

**चिनियाँ कम्पनीहरूको उल्लेखनीय उपस्थिति**

बाइडी, एमजी, लिप मोटर, डोङफेङ जस्ता चिनियाँ कम्पनीहरूले म्यान्माको बढ्दो सवारी बजारमा सकारात्मक प्रभाव पारेका छन् । प्रदर्शनीमा बाइडी कम्पनीले आफ्ना सङ एल, हान, सिल, र इ-२ मोडेलहरू प्रस्तुत गरेको थियो । प्राइम मोटर म्यान्माका बाइडी बिक्री प्रमुख क्याव जाव तुन का अनुसार,"बाइडीले प्रयोग गर्ने 'ब्लेड ब्याट्री' प्रविधि विश्वभर प्रसिद्ध छ । म्यान्मामा पनि यसका प्रयोगकर्ताहरू दिनप्रतिदिन बढिरहेका छन् ।"

उहाँले भन्नुभयो,"अहिले सवारीको मूल्य अघिल्लो वर्षको तुलनामा घटेको छ, सेवा सुविधा पनि सहज बन्दै गएको छ । यस्ता पक्षहरूले उपभोक्तालाई आकर्षित गरिरहेका छन् ।"

बिएआईसी कम्पनीले पनि आफ्नो आर्कफक्स अल्फा एस ५ नामक उच्चस्तरीय विद्युत् सवारी सो प्रदर्शनीमा देखाएको थियो । यस कम्पनीका बजार व्यवस्थापक को म्यात थु ले बताउनुभयो,"विद्युत् सवारीको माग बढ्नुमा सञ्चालन खर्च तथा मर्मत-सम्भार लागत कम हुनु पनि एक मुख्य कारण हो । सेवा केन्द्र र चार्ज गर्ने स्थानहरू विस्तार हुँदै जाँदा यसको प्रयोग अझ बढ्नेछ भन्ने विश्वास छ ।"

**चार्ज गर्ने संरचनामा पनि विस्तार**

म्यान्मामा अहिले चार्ज गर्ने पूर्वाधार पनि तीव्ररूपमा विस्तार भइरहेका छन्, जसमा चिनियाँ प्रविधिले ठूलो भूमिका खेलेको छ ।

नेक्स चार्ज सोल्युसनका बजार व्यवस्थापकको ये आङका अनुसार,"हामीले हालसम्म पेट्रोल पम्प, घर तथा भवन निर्माण कम्पनीहरूका लागि एक हजार भन्दा बढी चार्ज यन्त्रहरू उपलब्ध गराएका छौं, जसमा सबै उपकरण चीनमै निर्मित हुन् ।"

**सर्वसाधारणमा बढ्दो आकर्षण**

प्रदर्शनी अवलोकन गर्न आएका मायाङ्गोन नगरपालिकाका बासिन्दा हेइन ह्टेट ऊले भन्नुभयो,"हामी बाइडी र लिप मोटरको सवारी हेर्न आएका थियौं । हामीजस्ता उपभोक्ताका लागि राम्रो बिक्रीपछिको सेवा र वारेन्टी प्रणाली नै मुख्य कुरा हो ।"

उहाँले थप्नुभयो,"हाल म्यान्मामा प्रयोग भइरहेका विद्युत् सवारीमध्ये सबैभन्दा बढी संख्यामा चिनियाँ सवारी छन् । यहाँसम्म कि केही जापानी कम्पनीका सवारी पनि चीनमै उत्पादन हुने गर्छन् । मूल्यअनुसार चिनियाँ सवारीले दिन सक्ने सुविधा सन्तोषजनक देखिएको छ ।"

विश्लेषकहरूका अनुसार, यस प्रदर्शनीले स्पष्ट रूपमा चिनियाँ विद्युत् सवारीसाधनहरूले म्यान्माको सवारी उद्योगलाई नयाँ दिशातर्फ लैजाँदैछन् । प्रतिस्पर्धात्मक मूल्य, बलियो सेवा सञ्जाल र प्रविधिमा आधारित प्रणालीका कारण चिनियाँ कम्पनीहरूले यहाँको सवारी बजारमा महत्वपूर्ण स्थान बनाउँदै लगेका छन् ।

# वेस्ट इन्डिजविरुद्ध खेल्ने नेपाली क्रिकेट टोलीको घोषणा



काठमाण्डु । नेपाल क्रिकेट सङ्घ (क्यान) ले वेस्ट इन्डिजविरुद्ध हुने युनिटी कप ट्वान्टी-२० अन्तरराष्ट्रिय शृङ्खलाका लागि नेपालको टोली घोषणा गरेको छ ।

संयुक्त अरब इमिरेट्स (युएई) को शारजाह क्रिकेट रङ्गशालामा आगामी असोज दोस्रो सातामा हुने उक्त शृङ्खलाका लागि क्यानले रोहितकुमार पौडेलको कप्तानीमा १६ सदस्यीय नेपाली टोलीको नाम सार्वजनिक गरेको हो ।

त्यसैगरी नेपाली टोलीको उपकप्तान दीपेन्द्रसिंह ऐरी, विकेटकिपर आसिफ शेख, कुशल भुर्तेल, लोकेस बम, कुशल मल्ल, आदिल आलम, सोमपाल कामी, करण केसी, नन्दन यादव, सन्दीप लामिछाने, आरिफ सेख, सन्दीप जोरा, ललितनारायण राजवंशी, गुलशन झा र साहब आलम छन् । टोलीमा आदिल अन्सारी र सन्दीप जोराले भने पुनरागमन गरेको हुन् । आदिल सन् २०२२ पछि पहिलोपटक राष्ट्रिय टोलीमा परेका हुन । त्यस्तै सन्दीप पनि २०२४ को टी ट्वान्टी विश्वकप पछि टोलीमा समावेश भएका हुन् । नेपालले युएईमा वेस्ट इन्डिजविरुद्ध तीन खेलको ट्वान्टी-२० शृङ्खला खेल्दैछ । जसमा नेपालले आगामी असोज ११, १३ र १४ गते खेल्नेछ ।रासस

# ट्रम्पको दोस्रो राजकीय भ्रमणमा बेलायतको भव्य तयारी



एपी

लन्डन । विन्डसर क्यासलमा ५० मिटर लामो महोगनी (एक प्रकारको वृक्ष) टेबल सजिँदैछ, शाही गाडी तान्ने घोडाहरू अभ्यास गर्दैछन् र सैन्य गार्डले सटीक अभ्यास गरिरहेका छन् ।

लन्डनको पश्चिममा रहेको करिब एक हजार वर्ष पुरानो महलको हल र मैदाभरि सयौं मानिसहरूले राजा चार्ल्स तृतीयले यस हप्ता अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पलाई दोस्रो राजकीय भ्रमणमा स्वागत गर्न सम्भव भएसम्म उत्तम प्रदर्शन गर्न सुनिश्चित गर्न काम गरिरहनुभएको छ।

यो भ्रमण, चम्किलो मुकुट, ब्रास ब्यान्ड र दुई सय वर्ष पुरानो चाँदीमा पस्किने भोजसहित बेलायतले विशेष पाहुनालाई दिने बेलायतमा अन्य कतै नभएको भव्यता र समारोहको प्रदर्शन हो । तर यसको उद्देश्य स्पष्ट छ–ट्रम्पको 'अमेरिका फर्स्ट' नीतिका कारण कमजोर भएको व्यापार र सुरक्षा सम्बन्धलाई बलियो बनाउनु ।शाही इतिहासकार रोबर्ट लेसी भन्नुहुन्छ, "यदि ट्रम्पले विन्डसर क्यासलमा बस्ने मौका पाउनुभएन भने उहाँ आउनुहुन्न, बरु स्वर्गीय महारानीलाई श्रद्धाञ्जलि दिन र राजालाई भेट्न चाहनुहुन्छ ।"

**सफ्ट पावरको प्रयोग**

राजनीतिक शक्ति त्यागेर औपचारिक भूमिकामा सीमित भए पनि शाही परिवार 'सफ्ट पावर' को शक्तिशाली साधन बनेको छ । राजकीय भ्रमण शाही कूटनीतिको सर्वोच्च औजार हो, जसका लागि विश्व नेताहरू प्रतिस्पर्धा गर्छन् । स्वर्गीय महारानी एलिजाबेथ द्वितीयले सात दशक लामो शासनमा तानाशाहदेखि नेल्सन मन्डेलासम्मलाई आतिथ्य दिनुभएको थियो । पछिल्ला चार अमेरिकी राष्ट्रपति पनि शाही आतिथ्यको हिस्सा भएका छन् ।

न्युक्यासल विश्वविद्यालयका विज्ञ मार्टिन फारका अनुसार यस्ता आतिथ्यले मित्रताको भावना जगाउँछ, जसले 'अनुरोधलाई सजिलै स्वीकार गर्ने वातावरण' बनाउँछ । यस पटक बेलायत अनुकूल व्यापार सर्त र युक्रेनबारे सहयोग खोजिरहेको छ ।त्यसैले प्रधानमन्त्री किर स्टार्मरले ट्रम्पको दोस्रो कार्यकाल सुरु भएको पाँच सातापछि वासिङ्टन पुगेर राजकीय निमन्त्रणा दिनुभएको थियो । विश्व नेतामध्ये पहिलो पटक ट्रम्पले दोस्रो राजकीय भ्रमण पाउनुभएको हो र यसपटक निमन्त्रणा राजाको व्यक्तिगत पत्रमार्फत आएको थियो ।

**उद्देश्यसहित आतिथ्य सत्कार**

मङ्गलबार राति ट्रम्प र मेलानिया बेलायत पुग्नुहुनेछ । बुधबार राजा चार्ल्स र रानी क्यामिलाले उहाँहरूलाई विन्डसर एस्टेटमा स्वागत गर्नुहुनेछ । गार्ड अफ अनर, सैन्य ब्यान्ड र दुवै देशका राष्ट्रिय गान बजाइनेछन् ।

सैन्य अभ्यास महिनौंअगाडि सुरु भइसकेको छ । सयौं सैनिक, माउन्टेड गार्ड, फुट गार्ड र सङ्गीतकारले कार्यक्रमलाई भव्य बनाउनेछन् ।कार्यक्रमपछि ट्रम्पले बेलायत-अमेरिकाको साझा इतिहास झल्काउने प्रदर्शनी हेर्नुहुनेछ, जसमा म्याग्ना कार्टाजस्ता ऐतिहासिक कागजात देखाइने सम्भावना छ ।मुख्य आकर्षण भने बुधबार रातिको राजकीय भोज हुनेछ । पुरुषले सेतो टाई र पुच्छर कोट लगाउनेछन्, महिलाले गाउन र गहना । प्राचीन क्यान्डेलाब्राको उज्यालोमा मुकुटहरू चम्किनेछन् ।

**विशाल भोज र कूटनीतिक सन्देश**

राजा र रानीले पाहुनालाई वाटरलू टेबलमा भोज दिनुहुनेछ । टेबलको लम्बाइ फुटबल मैदानको आधा बराबर छ र एक सय ६० पाहुनाका लागि ठाउँ छ । यो टेबल सजाउन पाँच दिन लाग्छ र चार हजारभन्दा बढी चाँदी-सुनका भाँडाकुँडाले सजाइनेछ ।

शाही जीवनीकार ह्युगो विकर्स भन्नुहुन्छ, "चाँदी र समारोहले मेलमिलापको बाटो खोल्छ, जुन एलिजाबेथको विश्वास थियो ।"उहाँका अनुसार प्रधानमन्त्री स्टार्मरले राजाको माध्यमबाट ट्रम्पलाई आकर्षित गर्नुभएको छ र यसैमार्फत युक्रेनलगायत संवेदनशील मुद्दामा सकारात्मक छलफल सम्भव हुनेछ ।मुख्य छलफल बिहीबार चेकर्समा हुनेछ, जहाँ ट्रम्प र स्टार्मरबीच भेट हुनेछ ।

# उत्तरी गाजामा आक्रमण तीव्र, रुबियो इजरायलमा

एपी

जेरुसेलम । अमेरिकी विदेशमन्त्री मार्को रुबियो आइतबार इजरायलमा रहेका बेला इजरायली सेनाले उत्तरी गाजामा आक्रमण तीव्र पाऱ्यो, धेरै अग्ला भवन ध्वस्त भए र कम्तीमा १३ प्यालेस्टिनीको मृत्यु भयो ।

रुबियोले भ्रमणअघि गाजामा इजरायलको योजना बारेमा प्रत्यक्ष जवाफ खोज्ने बताउनुभएको थियो । गत हप्ता कतारमा हमास नेतामाथि भएको इजरायली आक्रमणले द्वन्द्व अन्त्य गर्ने प्रयासलाई थप जटिल बनाएको थियो ।

उहाँको दुई दिने भ्रमणले बढ्दो पृथक इजरायलप्रति समर्थन प्रकट गर्छ, यद्यपि संयुक्त राष्ट्रसङ्घमा अर्को हप्ता प्यालेस्टिनी राज्य निर्माणबारे विवादास्पद बहस हुने अपेक्षा छ । इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले यसबारे कडा विरोध जनाउनुभएको छ ।

**कतार आक्रमणपछि पनि भ्रमण**

रुबियोको भ्रमण दोहामा भएको इजरायली आक्रमणपछि पनि जारी रहेको छ । आक्रमणलाई लिएर अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प आक्रोशित बन्नुभएको थियो । उहाँले उक्त कारबाहीबारे अमेरिका पूर्वसूचित नभएको बताउनुभएको थियो ।

आइतबार नेतान्याहु, रुबियो र उहाँहरूका पत्नीहरू, साथै अमेरिकी राजदूत माइक हुकाबी दम्पतीले पश्चिमी पर्खाल र नजिकै उत्खनन गरिएका सुरुङहरू अवलोकन गर्नुभयो ।



नेतान्याहुले भन्नुभयो, "रुबियोको भ्रमण इजरायल-अमेरिकी गठबन्धनको स्थायित्व र बलको प्रमाण हो, यो ढुङ्गाजस्तै मजबुत छ ।"

शुक्रबार रुबियो र ट्रम्पले कतारका प्रधानमन्त्रीसँग भेटेर आक्रमणका प्रभावबारे छलफल गर्नुभएको थियो । इजरायल र कतारसँगको ती भेटहरूले ट्रम्प प्रशासनले कसरी प्रमुख सहयोगीहरूबीच सन्तुलन खोजिरहेको छ भन्ने देखाउँछ ।कतारमा भएको आक्रमणले कम्तीमा छ जनको मृत्यु भएको थियो र संयुक्त राष्ट्रसङ्घीय महासभाको आगामी सत्रअघि युद्धविराम तथा बन्धक मुक्त गर्ने प्रयासहरूलाई पनि धक्का दिएको छ ।

यसैबीच, कतारका प्रधानमन्त्री शेख मोहम्मद बिन अब्दुलरहमान अल थानीले आइतबार अरब र मुस्लिम मुलुकका विदेशमन्त्रीहरूसँग भेटेर इजरायलको निन्दा गर्नुभयो । उहाँले भन्नुभयो, "कतार इजिप्ट र अमेरिकासँग युद्धविराममा प्रतिबद्ध छ, तर इजरायलको हवाई आक्रमण 'मध्यस्थताको सिद्धान्तमाथि प्रहार' हो ।"

**गाजामा घातक आक्रमण**

स्थानीय अस्पतालहरूका अनुसार आइतबार गाजाभरि भएको इजरायली आक्रमणमा कम्तीमा १३ जना मारिए र दर्जनौं घाइते भए । देइर अल-बलाहमा भएको एउटा आक्रमणमा एउटै परिवारका छ सदस्य मारिए । मारिनेमा दुई आमाबाबु, तीन सन्तान र एक काकी रहेका थिए ।

इजरायली सेनाले तत्काल प्रतिक्रिया दिएको छैन । तर एपी भिडियोले आकाशमा धुवाँ उडिरहेको र गाजा सहरबाट हजारौं मानिस सामानसहित भागिरहेको देखाएको छ । सेनाले बासिन्दालाई सहर खाली गर्न चेतावनी दिइरहेको छ ।

इजरायलले तीन अग्ला भवन ध्वस्त पारेको छ । गाजाको इस्लामिक युनिभर्सिटीको एउटा भवन दुईपटक प्रहारपछि भत्काइएको छ । अल-सिफा अस्पतालमा हताहत भएको रिपोर्ट छ, तर विवरण अज्ञात छ ।सेनाले हमासले ती भवनहरूलाई निगरानी केन्द्रका रूपमा प्रयोग गरिरहेको दाबी गरेको छ । तर सेनाले प्रमाण प्रस्तुत गरेको छैन ।"यो नरसंहारको एक हिस्सा हो", गाजा सहरका बासिन्दा अबेद इस्माइलले भन्नुभयो, "तिनीहरू सहरलाई भग्नावशेष बनाउँदै छन् र हामीलाई अर्को 'नाकबा' तिर धकेल्दै छन् ।"

**भोकमरी चर्किंदै**

गाजाको स्वास्थ्य मन्त्रालयका अनुसार पछिल्लो २४ घण्टामा कुपोषण र भोकमरीका कारण दुई वयस्कको मृत्यु भएको छ । जुनदेखि हालसम्म दुई सय ७७ वयस्क र युद्ध सुरु भएदेखि एक सय ४५ बालबालिकाले कुपोषणका कारण ज्यान गुमाएका छन् । इजरायली निकायले गत हप्तामा एक हजार दुई सयभन्दा बढी सहायता ट्रक गाजामा प्रवेश गरेको दाबी गरेको छ । तर सहायता संस्थाहरू यो ठूलो आवश्यकताका लागि पर्याप्त नभएको उल्लेख गर्दै धेरै सहायता गन्तव्यमा पुग्नुअघि नै लुटिने गरेको बताएका छन् ।

अन्तर्राष्ट्रिय टोलीहरूले गाजासम्मको पानी लाइनमध्ये एकलाई मर्मत गरी आपूर्ति बढाएको इजरायलले जनाएको छ । तर पानी अझै अभावमै छ र मानिसहरू दुई-तीन दिनमा आउने ट्रकहरू पछ्याएर बोतल र भाँडामा भरेर लैजान बाध्य छन् ।

**युद्धको पृष्ठभूमि**

सन् २०२३ अक्टोबर ७ मा हमास लडाकुहरूले दक्षिणी इजरायलमा आक्रमण गरी एक हजार दुई सय जनाको हत्या र दुई सय ५१ जनाको अपहरण गरेसँगै गाजामा युद्ध सुरु भएको थियो । अझै ४८ जना बन्धक गाजामा छन्, जसमा २० जना जीवित रहेको इजरायलको विश्वास छ ।

गाजाको स्वास्थ्य मन्त्रालयका अनुसार इजरायलको प्रत्याक्रमणले हालसम्म कम्तीमा ६४ हजार आठ सय ७१ प्यालेस्टिनीको ज्यान गएको छ । यसमा नागरिक र लडाकू कति छन् भनेर भने छुट्याइएको छैन ।

# चीनसँगको टिकटक सम्झौताका लागि निकै नजिक : अमेरिकी अर्थ प्रमुख

एएफपी

म्याड्रिड । अमेरिकी अर्थमन्त्री स्कट बेसेन्टले सोमबार म्याड्रिडमा दुई पक्षबीच व्यापार वार्ता पुनः सुरु भएपछि टिकटकको विवादलाई सुल्झाउन चीनसँग सम्झौताको 'धेरै नजिक' रहेको बताउनुभएको छ ।

बेसेन्ट र चिनियाँ उपप्रधानमन्त्री हे लिफेङले आइतबार म्याड्रिडमा पछिल्लो चरणको छलफलको उद्घाटन गरेका छन्। विश्वका दुई ठूला अर्थतन्त्रहरूबीचको सम्बन्ध तनावपूर्ण बनेका समय यसले व्यापार र प्रविधिमा मतभेदहरू कम गर्न खोजेको छ ।

टिकटकको लागि अमेरिकी खरीदकर्ता खोज्ने वा प्रतिबन्धको सामना गर्ने अन्तिम मिति बुधबारसम्म जारी रहने अपेक्षा गरिएको वार्ताले प्रतिशोधात्मक करका सम्बन्धमा पनि नयाँ निकास निकाल्ने अपेक्षा गरिएको छ ।

"टिकटक सम्झौताका बाबजुद हामी यो मुद्दाको समाधानको नजिक छौं," स्पेनको विदेश मन्त्रालयमा दोस्रो दिनको वार्ताका लागि आइपुगेका बेसेन्टले पत्रकारहरूलाई भन्नुभयो।

उहाँले भन्नुभयो, "यदि हामी टिकटकमा सहमत भएनौं भने पनि यसले दुई देशबीचको समग्र सम्बन्धमा कुनै असर गर्दैन । उच्च स्तरमा दुई देशबीचको समग्र सम्बन्ध अझै पनि धेरै राम्रो छ।"

टिकटक चिनियाँ लगानीको इन्टरनेट कम्पनी बाइटडान्सको स्वामित्वमा रहेको छ ।अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले जनवरी २० मा टिकटकको उद्घाटन गर्नुभन्दा अघिल्लो दिनदेखि टिकटकको बिक्री वा प्रतिबन्ध लगाउनुपर्ने संघीय कानुन लागू हुने बताउनुभएको थियो ।तर सन् २०२४ को चुनाव अभियानमा रिपब्लिकन सामाजिक सञ्जालमा अत्यधिक धेरै निर्भर थियो । यसले आफूलाई टिकटकको शौखिन भएको बताउँदै प्रतिबन्धलाई रोकेको थियो ।

**अस्थिर युद्धविराम**




गत जुनको मध्यतिर ट्रम्पले भिडियो सेयरिङ एप टिकटकका लागि ९० दिनको म्याद थप गर्नुभएको थियो । त्यो म्याद बुधबार सकिँदैछ।

ट्रम्पले अमेरिकी राष्ट्रपतीय निर्बाचन अभियान पहिले लामो समयदेखि प्रतिबन्ध वा विनिवेशको समर्थन गर्दै आउनुभएको थियो तर निर्वाचनको समयमा उहाँले आफ्नो अडानलाई उल्ट्याउँदै उक्त सामाजिक प्लेटफर्मको रक्षा गर्ने वाचा गर्नुभएको थियो । टिकटकका विश्वभर लगभग दुई अर्ब प्रयोगकर्ताहरू भएको बताउने गरेको छ भने अमेरिकी राष्ट्रपतिले नोभेम्बरको चुनावमा युवा मतदाताहरूको समर्थन जित्न यसैले व्यापक मद्दत गरेको विश्वास गरिएको छ ।

बेइजिङको वाणिज्य मन्त्रालयले शुक्रबार वासिङ्टनलाई 'आपसी सम्मान र समान परामर्शका आधारमा चीनसँग काम गर्न, वार्ताको माध्यमबाट एक अर्काको चासोलाई समाधान गर्न र समस्याको समाधान खोज्न' आग्रह गरेको छ ।

म्याड्रिडमा भएको वार्तामा चिनियाँ आयातमा ट्रम्पको कडा कर लगाउने चेतावनीलाई पनि समेटिएको छ ।यस वर्षको सुरुमा व्यापार तनाव तीव्र रूपमा बढेको र चीन र अमेरिकाबीच प्रतिशोधात्मक करवृद्धि तीन अङ्कमा पुगेपछि र आपूर्ति श्रृंखलाहरू अवरुद्ध भएका थिए।

चिनियाँ सामानको आयातमा ३० प्रतिशत कर लगाउने र चीनले अमेरिकी सामानमा १० प्रतिशत कर लगाउने घोषणा गरेसँगै दुवै सरकारबीच करवृद्धि घटाउने सहमति भएको थियो ।

# कतारको आह्वानः 'दोहोरो मापदण्ड' अस्वीकार गर, इजरायललाई सजाय देऊ

एएफपी

दोहा । दोहामा हमासका सदस्यहरूमाथि इजरायली आक्रमणको प्रतिक्रियामा बोलाइएको आपत्कालीन शिखर सम्मेलनको पूर्वसन्ध्यामा कतारका प्रधानमन्त्रीले आइतबार अन्तर्राष्ट्रिय समुदायलाई 'दोहोरो मापदण्ड' अस्वीकार गर्न र इजरायललाई जवाफदेही बनाउन आग्रह गर्नुभएको छ ।

इजरायलको घातक आक्रमणले आलोचनाको लहर सुरु गरेको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले असन्तोष प्रकट गरे पनि समर्थन देखाउन विदेशमन्त्री मार्को रुबियोलाई इजरायल पठाउनुभएको छ ।

अरब र इस्लामिक नेताहरूको सोमबार हुने आपत्कालीन भेलाले खाडी मुलुकबीच एकताको प्रदर्शन गर्ने अपेक्षा छ । यसले गाजामा युद्ध र मानवीय सङ्कट अन्त्य गर्ने बढ्दो आह्वानलाई थप बल दिन खोज्नेछ ।"अन्तर्राष्ट्रिय समुदायले दोहोरो मापदण्ड प्रयोग गर्न रोकिनुपर्ने र इजरायलले गरेका सबै अपराधका लागि सजाय दिनुपर्ने समय आएको छ", प्रधानमन्त्री शेख मोहम्मद बिन अब्दुलरहमान अल थानीले तयारी बैठकमा भन्नुभयो । उहाँले गाजामा इजरायलको 'उन्मूलन युद्ध' सफल नहुने दाबी गर्नुभयो ।

"इजरायललाई निरन्तरता दिने प्रमुख कारण मौनता र अन्तर्राष्ट्रिय समुदायको कमजोरी हो", उहाँले भन्नुभयो ।सोमबारको शिखर सम्मेलनमा इरानका राष्ट्रपति मसुद पेजेस्कियान, इराकका प्रधानमन्त्री मोहम्मद सिया अल-सुदानी र टर्कीका राष्ट्रपति रेसेप तैयप एर्दोगान सहभागी हुने अपेक्षा छ ।

# पौवादुङमाको 'चार ढुङ्गे सन्तानेश्वर महादेव' ओझेलमा



भोजपुर । धार्मिक पर्यटकीय क्षेत्र यहाँको पौवादुङमा गाउँपालिका-५ सुप्लामा रहेको प्रसिद्ध चार ढुङ्गे सन्तानेश्वर महादेव मन्दिर ओझेलमा परेको छ। दोस्रो हलेसीसमेत भनेर चिनिने यो स्थान प्रचारप्रसार अभावमा ओझेलमा परेको हो ।

यहाँ महारुद्र, हिमालय, शिव लिङ्ग, गुप्तेश्वर महादेव, काली नाग, सेती नाग, सहस्त्र नाग, जलपा, पञ्चकोटी, झाक्री झाक्रिना, सिद्ध सिकारी, महारानी ठकुरारी, सिंहदेवी, शिलतादेवी, किरातेश्वर महादेव, रक्तकन्याको मूर्ति रहेको मन्दिरका पूजारी प्रेमबहादुर खड्काले बताउनुभयो। यहाँ रामनवमी, तीज, शिवरात्रि, बालाचतुर्दशीलगायत अवसरमा भव्य मेलासमेत लाग्ने गरेको खड्काले जानकारी दिनुभयो ।

यो स्थानमा दर्शन गरेमा सन्तान प्राप्त हुने तथा मनोकाङ्क्षा पूरा हुने धार्मिक विश्वासले मानिस आउने गरेका छन् । प्रसिद्ध धार्मिकस्थल भए पनि प्रचारप्रसार अभावमा ओझेलमा परेको पूजारी खड्काले बताउनुभयो ।

"चार ढुङ्गे सन्तानेश्वर महादेव धेरै मासिनको अस्थाको केन्द्र हो" उहाँले भन्नुभयो,"यो देवस्थललाई हलेसीको दोस्रो रुपमामसेत लिइन्छ ।

यहाँ दर्शन गरेमा सन्तान प्राप्त हुने तथा चिताएको पुग्ने धार्मिक विश्वास छ । प्रसिद्ध धार्मिक क्षेत्र भए पनि प्रचार अभावमा ओझेलमा छ ।"

पछिल्लो समयमा यो स्थानको संरक्षणमा स्थानीय सरकारसँगै स्थानीयवासी जुटेका छन् । प्रसिद्ध धार्मिकस्थल रहेकोले यो स्थानको प्रचारप्रसारसँगै मन्दिरको विकास तथा थप जग्गा व्यवस्थापन गर्न स्थानीय जुटेका छन् ।

**"यो देवस्थललाई हलेसीको दोस्रो रुपमामसेत लिइन्छ । यहाँ दर्शन गरेमा सन्तान प्राप्त हुने तथा चिताएको पुग्ने धार्मिक विश्वास छ । प्रसिद्ध धार्मिक क्षेत्र भए पनि प्रचार अभावमा ओझेलमा छ ।"**

पौवादुङका सम्पूर्ण धार्मिक तथा पर्यटकीय क्षेत्रको विकासमा योजनाबद्ध रुपमा काम भइरहेको गाउँपालिका अध्यक्ष किरण राईले बताउनुभयो । गाउँपालिकाले वडा नं १ तिलाहार रहेको त्रिपुरेश्वर महादेव, धार्मिक तथा पर्यटकीय क्षेत्र अरुणडाँडा, सन्तानेश्वर महादेव, च्याङ्गे पोखरी, कोटगढीलगायत क्षेत्रको योजनाबद्ध विकास गरिरहेको अध्यक्ष राईको भनाइ छ ।

पर्यटनमार्फत यी क्षेत्रलाई गाउँपालिकाको दिगो आम्दानीको स्रोतको रुपमा विकास गर्ने सोच रहेको अध्यक्ष राईले जानकारी दिनुभयो । "गाउँपालिकाभित्रका धार्मिक तथा पर्यटकीय क्षेत्रको विकासमा जुटेका छौँ"अध्यक्ष राईले भन्नुभयो,"कतिपय क्षेत्रको संरक्षण गरिसकेका छौँ । गाउँपालिकाभित्रका धार्मिक र पर्यटकीय क्षेत्रको विकास गरेर आर्थिक पक्षसँग जोडेर लैजाने हाम्रो लक्ष्य छ ।"रासस

# पोखरामा सहुलियत छुट मूल्य पसल संचालन

गण्डकी । पोखरामा मंगलबारदेखि चाडपर्व लक्षित सहुलियत पसल सञ्चालन हुने भएको छ । नजिकिँदै गरेका दसैं, तिहार तथा छठ पर्वलाई लक्षित गरी सोमबारदेखि कात्तिक १० गतेसम्मका सहुलियत पसल सञ्चालन गर्न लागिएको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड गण्डकी प्रदेश कार्यालय, पोखराका प्रमुख कौशल घिमिरेले जानकारी दिनुभयो ।

उहाँका अनुसार पोखराको विरौटास्थित प्रादेशिक कार्यालयमा बिहान १०:०० देखि दिउँसो ५:०० बजेसम्म सहुलियत पसल सञ्चालन हुनेछ । कार्यालयले सहुलियतस्वरूप प्रतिकिलो रु पाँच छुटसहित स्टिम जिरा मसिनो चामल प्रतिकिलो रु ८३, अरुवा सोना मनसुली चामल प्रतिकिलो रु ५९, स्टिम जिरा मसिनो चामल (एफआर) प्रतिकिलो रु ८५, अरुवा सोना मनसुली चामल (एफआर) प्रतिकिलो रु ५९, चिनी प्रतिकिलो रु ९५ र जेठो बुढो चामल प्रतिकिलो रु २४५ मा उपलब्ध गराउने जनाइएको छ ।



त्यस्तै प्रतिकिलो रु १० छुटसहित अरुवा बास्मती चामल प्रतिकिलो रु १२०, चिनो प्रतिकिलो रु २५५, कागुनो प्रतिकिलो रु २५५ र जुम्ली मार्सी प्रतिकिलो रु २२५ मा उपलब्ध गराइने उहाँले जानकारी दिनुभयो ।

**खाद्य कम्पनीको चाडपर्वलक्षित सुपथ पसल सुरू**

बडादसैं, तिहार र छठ पर्वका अवसरमा खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले सोमबारदेखि सहुलियत पसल सुरु गरेको छ ।

लिमिटेडले सोमबारदेखि सुरु गरेको सहुलियत पसलमा प्रतिकेजी रु पाँच, सात र १० छुट दिइएको सूचना अधिकारी माधव मिश्रले जानकारी दिनुभयो । दाल, चामल, चिनी, गहुँका सामग्रीमा प्रतिकेजी रु पाँच छुट गरिएको छ । यसैगरी तेल, चिउरा, आँटा, पीठो, मैदालगायत सामग्रीमा प्रतिलिटर र प्रतिकेजी रु सात छुट दिइएको छ ।

चियापत्ती, जिरा, धनियाँ, रैथाने खाद्य वस्तुलगायत सामग्रीमा प्रतिकेजी रु १० छुट गरिएको सूचना अधिकारी मिश्रले जानकारी दिनुभयो । सहुलियत पसल छठसम्म सञ्चालन हुने जनाइएको छ ।रासस

# गाउँगाउँमा नेपाल टेलिकमको 'फोरजी' सञ्चालनमा




अदानचुली । टेलिफोन तथा इन्टरनेटको समस्या झेलिरहेका जिल्लाको चङ्खेली गाउँपालिकामा चौथो जेनेरसन (फोरजी)सेवा सञ्चालनमा आएको छ। यहाँका गाउँगाउँमा फोरजी सेवा सञ्चालन आएपछि धेरै सहयोग पुऱ्याएको स्थानीयवासीले बताएका छन् । मेल्छाम स्वास्थ्य चौकीमा कार्यरत स्वथ्यकर्मी हर्क बुढाले फोरजी सेवा सञ्चालनमा आएपछि सहयोग पुऱ्याएको बताउनुभयो ।

नेपाल टेलिकमले विसं २०७३ पुस १७ गतेदेखि काठमाडौं र पोखराबाट फोरजी सुरुआत गरेको थियो। व्यवसायी दीपक थापाले फोरजी सेवा सञ्चालनमा आएपछि व्यवसाय गर्न सहयोग पुऱ्याएको बताउनुभयो । हुम्लाको दक्षिणी क्षेत्र ताँजाकोट, अदानचुली र सर्केगाड गाउँपालिका तथा मुगुको सोरु गाउँपालिकासहित बाजुरा र मुगु आसपासका सबै गाउँमा फोरजी सेवा सञ्चालन भएको नेपाल टेलिकमले जनाएको छ ।

चङ्खेली गाउँपालिकाका अध्यक्ष प्यारीलाल शाहीले भन्नुभयो, " हुम्ला जस्तो भौगोलिक रूपमा विकट क्षेत्रमासमेत आधुनिक प्रविधिको पहुँच सुनिश्चित गर्न गाउपालिकाको अथक पहल र निरन्तर प्रयत्नले फेरजी टावर सञ्चालनमा आएको छ ।स्थानीयवासीलाई शिक्षा, स्वास्थ्य, सञ्चार तथा रोजगारीका नयाँ अवसरहरूमा पहुँच सुनिश्चित गर्ने विश्वाससमेत लिएको छु ।"

उहाँले फोरजी सेवा विस्तारले गाउँमा विद्युतीय माध्यमबाट शिक्षा, स्वास्थ्य, सामाजिक सेवा र मनोरञ्जन तथा सूचना आदानप्रदानको कामसमेत सहज हुने बताउनुभयो । चङ्खेली-३ को लामाकाँधमा राखिएको टावरले चङ्खेली गाउँपालिकाका केही बस्ती सर्केगाड र मुगुको सोरु गाउँपालिकाका केही बस्तीमासमेत सेवा पुऱ्याउने जनाइएको छ ।

वडा नं ६ को मासीधारमा राखिएको टावर शनिबार सञ्चालनमा आएपछि जिल्लाको तल्लो क्षेत्रका अधिकांश बस्तीमा 'फोरजी' सेवा सञ्चालन हुने छ ।

महतारा चौरमा निर्माणधीन टावर सञ्चालनमा आएपछि तल्लो क्षेत्रका सबै बस्तीमा इन्टरनेट सेवा सुचारु हुनेछ । जिल्ला सदरमुकामबाट निकै दुर्गम गाउँमा फोरजी चल्न थालेपछि अहिले यहाँका स्थानीय निकै खुसी छन् । टावरको निर्माण पूरा भएसँगै यस क्षेत्रका घर घरमा फोरजी चल्न थाले पनि आफूलाई कार्यालयमा काम गर्नसमेत सहज हुने भएको गाउँपालिकाका स्वास्थ्य संयोजक सुरवीर शाहीको भनाइ छ । उहाँका अनुसार यस अघि इन्टरनेट नहुँदा स्वास्थ्यसम्बन्धी डेटा भर्नासमेत मुस्किल भएको थियो ।

गाउँमा फोरजीसम्मको सेवा पुऱ्याउन गाउँपालिकाले लामो समयदेखि प्रयास गरिरहेको थियो ।

पालिकाले विगत दुई वर्षदेखि टेलिकमको केन्द्रीय कार्यालय काठमाडौँसँग निरन्तर पत्राचार, प्रत्यक्ष भेटघाट र अनुरोध तथा समन्वयपछि गत वर्षदेखि यस क्षेत्रमा टावर निर्माण सुरु भएको हुम्ला चङ्खेली गाउँपालिकाका अध्यक्ष शाहीले बताउनुभयो । फोरजी सेवा सुरु भएसँगै यहाँका विद्यालय डिजिटल शिक्षा, अनलाइन शिक्षा र स्वास्थ्यमा पनि अनलाइन सेवा सुरु गर्न सकिने छ ।रासस

# उपमहानगरको गाडी जलेपछि युवाले उठाउन थाले फोहर

तुलसीपुर । दाङको तुलसीपुर उपमहानगरपालिकाको फोहर फाल्ने गाडीमा आगजनी भएर फोहर नउठेपछि युवाहरुले उठाउने अभियान थालेका छन् ।

तुलसीपुरका दुई युवा भूपेन्द्र वली र प्रकाश भण्डारीले बजारमा व्यापक फोहर भएपछि यो अभियान थालेको यो अभियान थाल्ने वलीको भनाइ छ । उपमहानगरपालिकासँग समन्वय गरेर यो कार्य गरिएको उहाँको भनाइ छ । दुई कर्मचारी राखेर यसरी फोहर उठाउन थालिएको हो ।

समाजलाई अफ्ठेरो पर्दा युवाले यस्ता अभियान सुरु गर्नुपर्ने भन्दै ट्र्याक्टर भाडामा



बताउनुभयो।"उपमहानगरपालिकाको गाडी जलेको छ, त्यसैले फोहर उठेको छैन", वलीले भन्नुभयो, "फोहर नउठेपछि बजार नै दुर्गन्धित हुन थाल्यो, त्यसैले हामीले यो अभियान थालेका हौं ।" उपमहानगरपालिकाले फोहर उठाउन सुरु नगर्दासम्म आफूहरुले लिएर भए पनि यो अभियान सुरु गरेको उहाँको भनाइ छ। जेनजीको प्रदर्शनका क्रममा उपमहानगरपालिकाको फोहर फाल्ने गाडीसमेत जलेको थियो। जसले गर्दा एक हप्तादेखि तुलसीपुर बजारभित्रको फोहर उठ्न सकेको थिएन ।रासस

# सार्वजनिक सेवा सहज बन्दै

गण्डकी । जेनजी आन्दोलनका कारण प्रभावित बनेको सार्वजनिक सेवा बिस्तारै सञ्चालन हुन थालेको छ । अदालतलगायत सरकारी निकाय र कार्यालयबाट प्रवाह हुने सेवालाई पूर्ववत् रूपमा सञ्चालन गर्ने प्रयास भइरहेको हो ।

जिल्ला प्रशासन कार्यालय, कास्कीले आइतबारदेखि मुद्दा, शान्तिसुरक्षा रविपद्व्यवस्थापनलगायतअत्यावश्यक सेवा सञ्चालन गरिएको जनाएको छ । नागरिकता, राहदानी, राष्ट्रिय परिचयपत्रलगायत अन्य सेवालाई क्रमिक रूपमा सञ्चालन गरिने भएको हो ।

जेन्जी आन्दोलनका क्रममा यही भदौ २४ गते भएको आगजनी र तोडफोडका कारण क्षति पुगेको कार्यालयमा सामान्य मर्मतसम्भार गरी अत्यावश्यक सेवा सञ्चालन गरिएको हो। विषम् परिस्थितिका कारण कार्यालयबाट प्रवाह हुने सेवाको प्राप्तिमा धैर्य गरिदिन कार्यालयले सार्वजनिक सूचनामार्फत सर्वसाधारणलाई अनुरोध गरेको छ ।

आगजनीबाट जिल्ला प्रशासन कार्यालयका फर्निचर, कम्प्युटरलगायत महत्त्वपूर्ण



जलेर नष्ट भएको जनाइएको छ । नागरिकता, राहदानी, राष्ट्रिय परिचयपत्रलगायतसँग सम्बन्धित सम्पूर्ण अभिलेख पनि जलेको कार्यालयले जनाएको छ । पोखरामा रहेका अधिकांश सरकारी कार्यालयमा आगजनी गरिएको थियो ।

उच्च अदालत पोखरा, बागलुङ इजलासले पनि सोमबारदेखि मुद्दाको सुनुवाइलगायत अदालतको नियमित कामकारबाहीलाई नियमित रुपमा सञ्चालन गरिने जनाएको छ । जेनजी आन्दोलनका कारण यही भदौ २५ गते सूचना जारी गर्दै अदालतले बन्दी प्रत्यक्षीकरणको निवेदनबाहेक अन्य मुद्दाको सुनुवाइ स्थगित गरेको थियो ।

अदालतका रजिष्ट्रार रामबहादुर क्षेत्रीले सोमबारदेखि साप्ताहिक पेसी सूचीमा चढाउनुपर्ने मुद्दाबाहेक अन्य मुद्दाको सुनुवाइ नियमित सञ्चालन हुने जानकारी दिनुभयो । जेन्जी आन्दोलनका कारण उत्पन्न विषम परिस्थितिका कारण केही दिन अदालतको सेवा प्रवाह प्रभावित भएको थियो ।

पोखरा महानगरपालिकालगायत स्थानीय तहले पनि अत्यावश्यक सेवा प्रवाह गर्न सुरु गरेका छन् । अन्य सरकारी कार्यालयले पनि बिस्तारै सेवा प्रवाहलाई सहज बनाउने प्रयासमा छन् । गण्डकी प्रदेशका कतिपय स्थानीय तहमा आइतबारदेखि नै विद्यालय सञ्चालनमा आएका छन् ।

पोखरा महानगरपालिकाका विद्यालय भने आगामी असोज १ गतेदेखि सञ्चालन गर्ने निर्णय नगर कार्यपालिकाको बैठकले गरेको छ ।

आन्दोलनका कारण विद्यालयहरूले लिने परीक्षा भने पछाडि सारिएको छ । शनिबारदेखि कर्फ्यू र निषेधाज्ञा हटेपछि जनजीवन सामान्य बनेको छ । सार्वजनिक यातायात पनि सञ्चालनमा आएको छ ।रासस

# बाढीले मध्यपहाडी लोकमार्गको बुर्तिबाङ-पूर्वी रुकुम खण्ड अवरुद्ध



ढोरपाटन । भीषण बाढीले मध्यपहाडी लोकमार्ग अवरुद्ध भएको छ । राष्ट्रिय गौरवको आयोजना मध्यपहाडी लोकमार्गअन्तर्गत बागलुङको निसीखोला गाउँपालिका-४ स्थित कालापैराखोलामा आएको बाढीले बुर्तिबाङ-पूर्वी रुकुम खण्ड पूर्ण रुपमा अवरुद्ध बनेको हो ।

आइतबार दिनभर परेको वर्षाका कारण राति भीषण बाढी आएको थियो । रातिदेखि अवरुद्ध लोकमार्ग अहिलेसम्म खुलाउन नसकिएको निसीखोला-४ का वडाध्यक्ष टीकानिधि पौडेलले जानकारी दिनुभयो । लोकमार्ग अवरुद्ध हुँदा रुकुम पूर्वदेखि काठमाडौँ, पोखरा जाने यातायातका साधन कालापैरामा ठप्प भएका छन् ।

बुर्तिबाङदेखि निसी, भल्कोट हुँदै पूर्वी रुकुम र रोल्पा पुग्ने साना ताथा यातायातका साधन कानाबगरमा रोकिएको अध्यक्ष पौडेलको भनाइ छ । लोकमार्गसँग सहकार्य गरेर सडक खुलाउने प्रयास गरिरहेको उहाँको भनाइ छ । निरन्तर वर्षाका कारण लोकमार्गका विभिन्न ठाउँमा पहिरो जाने र रूख ढल्ने गर्दा ठाउँ-ठाउँमा सडक अवरुद्ध भइरहेको अध्यक्ष पौडेल बताउनुहुन्छ । रासस


## भूमिसुधार तथा मालपोत कार्यालय धनुषा

## हक दाबि सम्बन्धि ३५ दिने सार्बजनिक सूचना

जिल्ला धनुषा साविक धनुषा गोबिन्दपुर गा.वि.स.वार्ड नं. हाल धनुषाधाम न.पा. वार्ड नं.१ मा बस्ने रामरती देवीको मिति २०७६/१२/०६ गते आफ्नो कालगतीले प्रलोक भई जानु भएको निजको श्रीमान् महादेव साहको पनी मिति २०६३/०१/२८ गतेमा निधन भईसकेकोले निज मृतकहरुको कोखबाट छोराको जाय जन्म नभएको दुईमात्र (२) छोरी - १ जेठो छोरी जागो कुमारी साहुनी र कान्छी छोरी आशा देवी तथा अविवाहीत छोरी नरहेकोले निज मृतकको शेषपछीको हक अपुताली खाने बेहोर्ने सबभन्दा नजिकको हकदार मृतकका छोरी जागो कुमारी साहुनी र आशा देवी साहको आपसी मन्जुरीनामा गरी मृतक जग्गा धनी रामरती देवीको तपसिलमा रहेको जग्गा निवेदिका जागो कुमारी साहुको नाउँमा एकलौटी नामसारी गरी पाउँ भनी माँग निवेदन भएको र सोही अनुसारको धनुषाधाम नगर पालिका १नं. वडा कार्यालय धनुषाधामको च.न.१०६२ मिति २०८२/०२/०४ गतेको वडा मुचुल्का सहितको सिफारिस भै आएको र सोही अनुसार को सनाखत भएको।

यसमा जग्गा धनी रामरती देवीको मृत्यु पश्चात हकखाने यि निवेदीका वाहेक अन्य कोही हकखाने हकदार भएको भए वा कोही कसैलाई कुनै किसिमको असर फरक पर्ने वा यि निवेदीका को नाउँमा जग्गा नामसारी हुन नपर्ने कुनै कारण भए, यो सूचना प्रकाशित भएको मितिले ३५ पैतिस दिन भित्र आफुसँग भएको सबुत प्रमाण लिई दावि उजूरी गर्न यस कार्यालयमा आउनु होला । म्याद भित्र दावि उजूरी नपरी म्याद समाप्त भए पछी कानून वमोजिम मु.दे.स.२०७४ को परिछेद ११को दाफा २३९(१) वमोजिम भई जाने व्यहोरा सबैमा यसै सूचना द्वारा सुचित गरिएको छ ।

**तपसिल.**

| जिल्ला | गा.वि.स | वार्ड.नं. | कि.नं. | क्षे.फ | कैफियत |
|---|---|---|---|---|---|
| धनुषा | कजरा रमौल | ७ क | ३१९ | ०-१-१०-० | |


# भीमदत्त नगरपालिकामा प्रयोगशाला सञ्चालन

दोधारा चाँदनी। कञ्चनपुरको भीमदत्त नगरपालिका-१६ स्थित सहरी स्वास्थ्य केन्द्रका प्रयोगशाला सेवा सञ्चालनमा आएपछि यहाँका स्थानीयलाई सामान्य उपचारका लागि अन्यत्र जानुपर्ने बाध्यता हटेको छ ।

गाउँकै स्वास्थ्य केन्द्रमा स्वास्थ्य परीक्षणसहितको सेवा पाएपछि यहाँका स्थानीयले सामान्य स्वास्थ्य परीक्षणका लागि महेन्द्रनगर सदरमुकाम जानुपर्ने बाध्यता अन्त्य भएको हो ।

"गाउँमै प्रयोगशालासेवा सञ्चालन भएपछि हामीले सामान्य स्वास्थ्य परीक्षणका लागि महेन्द्रनगर बजार जानुपर्ने बाध्यताको अन्त्य भएको छ ।" भीमदत्त नगरपालिका-१६ का स्थानीय जयन्ती सामन्तले भन्नुभयो,"विरामी हुँदा धेरै स्वास्थ्य परीक्षण त यही हुन्छ यसले यहाँका स्थानीयलाई धेरै राहत भएको छ ।" सहरी स्वास्थ्य केन्द्रले मधुमेह, टाइफाइड, मलेरिया, खकार र पिसाबलगायत २९ प्रकारका रोगको परीक्षण गाउँमै उपलब्ध गराउँदै आएको छ । केन्द्रबाट ज्येष्ठ नागरिक र असहायलाई निःशुल्क सेवा समेत दिने गरिएको छ ।

गाउँ स्वास्थ्य केन्द्रमा प्रयोगशालासहितको स्वास्थ्यसेवा पाएपछि दीर्घ रोगी र ज्येष्ठ नागरिकलाई ठूलो राहत पुगेको यहाँका स्थानीय बताउँछन् । "वडामै स्वास्थ्य परीक्षण




हुन थालेपछि यहाँका बिरामीले आठ किलोमिटर टाढा रहेको महाकाली प्रादेशिक अस्पताल जानुपर्ने बाध्यता हटेको छ ।" यहाँका स्थानीय मैनाबति चौधरीले भन्नुभयो-"बुढापाका र बालबालिकाका लागि एकदमै सहज भएको छ ।" विसं २०६८ मा स्थापना भएको स्वास्थ्य केन्द्रले स्थापनाको समय परिवार नियोजन र गर्भवती जाँच लगायतका आधारभूत सेवा प्रदान गर्दै आएको भए तापनि २०७२ सालमा बर्थिङ सेवा विस्तार गरेको थियो ।

विसं २०७९ मा प्रयोगशाला सेवा सञ्चालन गरेर विभिन्न रोगको परीक्षण तथा बिरामीलाई आवश्यक औषधि निःशुल्क उपलब्ध गराउन थालेको सहरी स्वास्थ्य केन्द्रका प्रमुख तोयराज भट्टले जानकारी दिनुभयो । "केन्द्रमा मधुमेह, टाइफाइड, मलेरिया, खकार र पिसाबलगायत २९ प्रकारका रोगको परीक्षण हुँदै आएको छ ।" उहाँले भन्नुभयो"हामीले २४ घण्टा सेवा दिइरहेका छौं । रासस

# क्षतिको विवरण संकलनका लागि मूल्यांकन गर्न समिति गठन



**टुडे समाचारदाता**

जनकपुरधाम । जेन- जी आन्दोलनपछि मुलुकभर भएको क्षतिका लागि भौतिक संरचनाको सरसफाइ, क्षतिको मूल्यांकनलगायतका काममा सरकार जुटेको छ । कतिपय सरकारी कार्यालयले सेवा प्रवाह सुचारु गरेका छन् ।

जेनजी आन्दोलनका क्रममा मधेश प्रदेश सरकारका अधिकांश मन्त्रालयसहितका कार्यालय पूर्ण रूपमा क्षतिग्रस्त भएसंगै सेवा प्रवाह गर्न नसकिएको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका उपसचिव वासुदेव मल्लले जनाए अनुसार अहिले प्रदेश सरकारबाट कुनै पनि सेवा प्रवाह गर्न सकिएको छैन । अधिकांश मन्त्रालय भवन क्षतिग्रस्त रहेकाले तत्कालै सेवा प्रवाह गर्न सक्ने अवस्था नरहेको उनले बताए । उनले पहिला कर्मचारीको बसोबास व्यवस्थापन गर्ने कार्यमा जुटेको उनले बताए । कर्मचारी बस्ने ठाउँ भइसकेपछि मन्त्रालयबाट प्रवाह हुने सेवा शुरु गरिने उनको भनाइ छ ।

मधेश प्रदेश सरकार अन्तर्गत कति क्षति भएको छ भन्नेबारे विवरण संकलन गर्ने कार्य भइरहेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ ।

मधेश प्रदेशमा कति क्षति भएको छ भन्ने हरहिसाब आउन नसकेको मुख्यमन्त्रीको कार्यालयले जनाएको छ । क्षति विवरण संकलनका कार्यमा सहजीकरण गर्नका लागि उपसचिव वासुदेव मल्लको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन गरिएको जनाइएको छ ।

विवरण संकलन भइसकेपछि प्रदेश सरकारबाट सेवा प्रवाह गर्ने तयारी गरिएको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ ।

# आठ पालिकाले तत्काल सेवा दिन नसक्ने

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीमा आगजनी र तोडफोडबाट व्यापक क्षति पुगेपछि आधा दर्जन पालिकाको सेवा अनिश्चित बनेको छ । जेन-जीको आन्दोलनको क्रममा भएको आगजनी र तोडफोड भएका लालबन्दी, हरिवन, बागमती, बरहथवा, हरिपुर, हरिपूर्वा र ईश्वरपुर नगरपालिका तथा चन्द्रनगर गाउँपालिकाको सेवा तत्काल सुचारु गर्न समस्या देखिएको छ ।

लालबन्दी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत वसन्त न्यौपानेले आगजनी र तोडफोडबाट कार्यालयका कागजात, कम्प्युटरसहितका विद्युतीय उपकरण, फर्निचरलगायत सबै सरसामग्री खरानी भएकाले तत्कालै सेवा दिन सक्ने अवस्था नरहेको जनाए ।



जेन- जी आन्दोलनकारीले गरेको आगजनीबाट लालबन्दीमा नगरप्रमुखले चढ्ने प्राडो, उपप्रमुखले चढ्ने टाटासुमो र प्रमुख प्रशासकीय अधिकृतले चढ्ने गरेको स्कारपियो गाडीसहित एउटा जेसिबी, एउटा डोजर, एउटा ट्रक र एउटा ट्र्याक्टर कवाडमा परिणत भएका छन् । जेन- जी आन्दोलनकारीले लालबन्दी नगरपालिकाको वडा नं. ५, ६, ७ र ९ को वडा कार्यालयमा पनि आगजनी र तोडफोड गरेर क्षति पुऱ्याएका नगरपालिका कार्यालयले जनाएको छ ।

त्यस्तै हरिवन नगरपालिका कार्यालयमा प जेन- जी आन्दोलनकारीले दमकलसमेत जलाएका छन् । नगरप्रमुख रमेश बुढाथोकीले जनाए अनुसार निर्माण सम्पन्न हुने क्रममा रहेको नगरपालिका भवनसहित भवनभित्रका सरसामग्री, कागजात, दमकल, ट्र्याक्टरलगायत आगजनी र तोडफोडबाट ध्वस्त भएको छ ।

हरिवनमा वडा नं. ४, ८, १० र ११ को वडा कार्यालय आगजनीबाट खण्डहर बनेका छन् । नगरप्रमुख बुढाथोकीले नगरपालिका कार्यालय र आगजनी भएका वडा कार्यालयको सेवा सुचारु हुन अझै केही दिन लाग्ने बताए ।

त्यसैगरि नगरपालिका भवन, प्रमुख प्रशासकीय अधिकृत चढ्ने गाडी, तीनवटा मोटरसाइकल र कार्यालयभित्रका सम्पूर्ण कागजात जलेको हरिपुर नगरपालिकाले तत्काल सेवा दिन नसक्ने जनाएको छ । हरिपुरका नगरप्रमुख गोपाल पजियारले अहिले क्षतिको विवरण सङ्कलन भइरहेकाले सेवा सूचारु हुन केही दिन लाग्ने बताए ।

जेन- जी आन्दोलनकारीले गरेको आगजनीबाट सबैभन्दा बढी सवारी साधन, कार्यालय भवन र कागजात जलेको बरहथवा नगरपालिकाले पनि अनिश्चितकालीन रुपमा सेवा बन्द गरेको छ । बरहथवा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत ऋद्धिप्रकाश सिटौलाले जनाए अनुसार आगजनीबाट नगरपालिकाको प्रशासनिक भवनसहित वडा नं. ५, ६ र ७ को वडा कार्यालय, एक थान ग्रेडर, एक थान ट्र्याक्टर, एक थान ब्याक लोडर, एक थान टिप्पर, निजीसमेत गरी १३ थान मोटरसाइकल, तीन थान स्कुटर र एक थान रोलर नष्ट भएका छन् ।

त्यसैगरि चन्द्रनगर गाउँपालिकाका अध्यक्ष राजकुमार महतोले सेवा दिन चाहिने चिजवस्तु सबै जलेकाले सेवा दिन गाह्रो परेको बताए । उनले जेनजी पुस्ताको नाउँमा अराजक व्यक्ति प्रवेश गरेर गाउँपालिका कार्यालयमा आगजनी गरेर बर्बाद बनाएको बताए ।

आगजनी र तोडफोडका कारण पालिकाबाट प्रवाह हुने सेवा ठप्प हुँदा अत्यावश्यक काम परेका सेवाग्राही मारमा परेका छन् । वडा कार्यालयमा समेत आगजनी हुँदा व्यक्तिगत घटना दर्तादेखि अन्य महत्वपूर्ण कामहरु रोकिन पुगेका छन् ।

यता जिल्लाका अन्य पालिका र सरकारी कार्यालय तथा निकायले भने सेवा दिन थालेको छ । जेन- जी आन्दोलनकारीले पालिकाको कार्यालयबाहेक सर्लाहीको मलंगवासहित विभिन्न स्थानका सरकारी कार्यालय र सवारी साधनमा पनि आगजनी गरेर क्षति पुऱ्याएका छन् ।

जेन- जीको आन्दोलनपछि कतिपय कर्मचारी अझै कार्यालयमा फर्किसकेका छैनन् । सर्लाही प्रहरीका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक (डिएसपी) सरोज राईले आगजनी र तोडफोडबाट भएको क्षतिको विवरण धमाधम संकलन भइरहेको बताए ।

यहाँको अवस्था सामान्य बनेपछि सर्लाहीमा यातायात, विद्यालय र हाटबजार भने निर्बाधरुपमा सञ्चालन हुन थालिसकेका छन् ।

# गौर नगरपालिकाको सेवा सुचारू

**टुडे समाचारदाता**

रौतहट । रौतहटको गौर नगरपालिकाले सोमबारदेखि नियमित रुपमा कामकाज सेवा सुचारु गरेको छ । गौर नगरपालिकाका नगरप्रमुख शम्भु साहले नगरपालिका कार्यालय, सबै वडा कार्यालयलाई स्थगित सेवा आजदेखि पुनः सुचारु गर्न निर्देशन दिएको जानकारी दिए । जेनजीको आन्दोलनका कारण भदौं २४ देखि अवरुद्ध सेवा भदौ ३० गतेदेखि नियमित रुपमा सञ्चालन हुन लागेको छ ।



मुलुकको विषम परिस्थितिका कारण अवरुद्ध सेवा प्रवाह सुरु गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तथा जिल्ला प्रशासन कार्यालय रौतहटले आग्रह गरेको छ । सोमबारदेखि नागरिकलाई आवश्यक सेवा दिनका लागि जुटिरहेको गौर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुभाषकुमार ठाकुरले बताए ।

जेनजीको आन्दोलनको क्रममा प्रदर्शनकारीहरुले गौर नगरपालिका कार्यालयमाआंशिकरुपमातोडफोडसहित आगजनी गरेको थियो ।

प्रदर्शनकारीले फर्निचर, एलइडि टिभी, स्मार्ट टिभी, साउण्ड सिस्टम, सिसी टिभी लगायतका सामग्री जलाउनुको साथै पिकअप भ्यान, वारुण यन्त्र लगायतमा क्षति पुऱ्याएको थियो ।

कार्यालयको झ्यालको सिसा फुटाउनुको साथै प्रदर्शनकारीले गौर नगरपालिका कार्यालयद्वारा बनाइएको प्रहरी बिट, गौर घण्टाघरमा निर्माण गरिएको बीपीको शालिक समेत तोडफोड गरी जलाइएको छ ।

नगरप्रमुख साहका अनुसार प्रदर्शनकारीले आर्थिक वर्ष २०८१/०८२ को अन्तिम लेखा परीक्षणको लागि राखिएको अधिकांश कागजात जलाएको छ । महालेखा परीक्षकको कार्यालयबाट खटी आएको टोलीले गौर नगरपालिकामा लेखा परीक्षण सुरुवात गरेको भए पनि सम्पन्न भएको थिएन । जेनजी आन्दोलनको क्रममा गौर नगरपालिकामा ६७ लाख बराबरको क्षति भएको उनले बताए ।

# हतियार लुट्ने तीनजना पक्राउ



**टुडे समाचारदाता**

जनकपुरधाम । जेन-जी आन्दोलनका क्रममा लुटिएका दुई थान बन्दुक धनुषा प्रहरीले बरामद गरेको छ ।

जनकपुरधामस्थित मधेश प्रदेश लोकसेवा आयोगको कार्यालयमा सुरक्षामा खटिएका प्रहरीबाट लुटिएका हतियारसहित धनुषा प्रहरीले तोडफोड र लुटपाटमा संलग्न भएको आरोपमा तीन जनालाई पक्राउ गरेको जनाएको छ ।

धनुषा प्रहरीका अनुसार, पक्राउ पर्नेहरूमा जनकपुरधाम उपमहानगरपालिका-९ का ३७ वर्षीय मनिष कुमार अधिकारी, २१ वर्षीय सन्तोष कुमार यादव र सहिदनगर नगरपालिका-३ यदुकूहाका २५ वर्षीय मनिष साह रहेका छन् ।

प्रहरी उपरीक्षक नरहरी रेग्मीले जनाए अनुसार, मंगलबार साँझ करिब ५०-६० जनाको समूह लोकसेवा आयोगको कार्यालयमा प्रवेश गरी तोडफोडमा उत्रिएको थियो ।

उक्त समूहले कार्यालय परिसरमा रहेका चारवटा सवारी साधन र सिसिटिभी क्यामरामा क्षति पुऱ्याउनुका साथै सुरक्षाकर्मीबाट हतियार समेत लुटेको थियो ।

प्रहरीले विभिन्न स्थानमा जडान गरिएका सिसिटिभी फुटेजकोविश्लेषणरअनुसन्धानका आधारमा उनीहरूलाई पक्राउ गर्न सफल भएको छ । उपरीक्षक रेग्मीले सिसिटिभी फुटेजमा कैद भएका तस्बिरको विश्लेषणका आधारमा उनीहरूलाई पक्राउ गरिएको बताए ।

पक्राउ परेकाहरूमाथि थप अनुसन्धान भइरहेको र लुटपाटमा संलग्न अन्य व्यक्तिहरूको खोजी कार्य जारी रहेको उनले बताए ।

# महोत्तरीमा प्रहरीलाई स्वागत



**टुडे समाचारदाता**

जलेश्वर । जेन- जी आन्दोलनका क्रममा सुरक्षामा चुनौती थपिएपछि महोत्तरीको विभिन्न ठाउँका चौकी छाडेका जिल्ला प्रहरी कार्यालयका प्रहरी फिर्ता हुन थालेका छन् । जिल्लामा निषेधाज्ञा र कर्फ्यु हटेसँगै जनजीवन सामान्य हुन थालेपछि प्रहरी आफू कार्यरत चौकीमा फर्किन थालेका छन् । सो क्रममा आइतबार सोनमा गाउँपालिकाको मगरथाना र औरहीको प्रहरी चौकीलगायतका ठाउँमा प्रहरी फिर्ता भएका छन् । जिल्ला प्रहरी कार्यालय महोत्तरीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक शैलेन्द्रकुमार भट्टले आन्दोलनका क्रममा आधा दर्जन चौकीका प्रहरी जिल्लामा आएको जानकारी दिँदै जनजीवन सामान्य हुन थालेपछि फर्किएको बताए ।

सोनमा गाउँपालिकाको मगरथाना प्रहरी चौकीबाट जिल्ला गएका प्रहरी आइतबार कार्यक्षेत्रमा फर्किएपछि स्थानीयवासीले उनीहरूलाई फूलमालासहित स्वागत गरेका छन् ।

मगरथाना प्रहरी चौकी प्रमुख दीपेन्द्रकुमार यादवले चौकी चारैतिर पर्खाल नहुँदा सुरक्षा चुनौती बढिरहेको भन्दै गाउँपालिका अध्यक्षसँग पर्खाल निर्माणका लागि आग्रह गरे ।

उक्त अवसरमा इलाका प्रहरी चौकी खैरबनीका इन्चार्ज रवीन्द्र मिश्रले सुरक्षा प्रहरीको मात्रै जिम्मेवारी नभइ प्रहरी र नागरिक दुवैको सहकार्यबाट मात्रै सम्भव भएको भन्दै स्थानीयवासीसँग सहयोगको आग्रह गरे ।

औरही नगरपालिका-१ स्थित औरही प्रहरी चौकीमा कार्यरत प्रहरी पुनः आफ्नो जिम्मेवारीमा फर्किएपछि स्थानीयवासीले फूलमालाले स्वागत गरिएको थियो ।

# मटिहानीमा लाखौँको डकैती

**टुडे समाचारदाता**

जनकपुरधाम । महोत्तरीको मटिहानी नगरपालिकामा गएराति एक घरमा डकैती भएको छ । मटिहानी नगरपालिका वडा नं. ५ स्थित बिसनपुरमा गए राति डकैती हुँदा लाखौँको गरगहनासहितको रकमसमेत लुटपाट गरिएको छ ।



जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाए अनुसार बिसनपुरमा आइतबार मध्यरातमा मंगल महरा र बहादुर महराको घरमा करिब पाँच जनाको समूहमा आएका डाकाहरूले धारिलो हातहतियार प्रहार गरी घरका सदस्यहरूलाई घाइते बनाएर लाखौँ बराबरका गरगहना, सामग्री र नगद रकम लुटपाट गरेर लगेको छ ।

उक्त घटनामा मंगल महाराकी पत्नी ५० वर्षीया सैलो देवी, छोरी मनिषा कुमारी र छोरा संजीव महरा गम्भीर घाइते भएका छन् ।

डाकाहरूको समूहले धारिलो हातहतियार प्रयोग गरी उनीहरूलाई प्रहार गरेको र अहिले घाइतेहरूको उपचार जनकपुरमा भइरहेको प्रहरीले जनाएको छ ।

घटनाबारे मटिहानी नगरपालिकाका नगर प्रमुख हरि प्रसाद मण्डलले घटनास्थलमा पुगेर स्थलगत निरीक्षण गरेका छन् । उनलाई घटनाबारे जानकारी वडा अध्यक्ष मिश्री नायकले गराए ।

स्थानीय बासिन्दाहरूले राति मध्यरातमा भएको उक्त घटनापछि असुरक्षा महसुस गरेको गुनासो गरेका छन् । उक्त घटनापछि महोत्तरी प्रहरीले अनुसन्धान तीव्र पारेको र दोषीलाई छिट्टै पक्राउ गर्ने प्रतिबद्धता व्यक्त गरेको छ ।

# चामल र चिनी लुट्नेहरुले नै फिर्ता गर्दै

**टुडे समाचारदाता**

लहान । गत साता भएको जेन- जी आन्दोलनको क्रममा केही प्रदर्शनकारीहरुले चामल र चिनी लुट्नेहरुले नै फिर्ता गर्न थालेका छन् ।



जेन- जी आन्दोलनको मौकामा छोपेर सरकारी गोदाम रित्याएकाहरू अहिले रातारात त्यही सामान फिर्ता गर्न थालेका छन् । लहानमा जेनजी आन्दोलनका क्रममा लुटिएको करोडौँको सम्पत्ति फिर्ता हुन थालेपछि सो घटनाले अहिले सबैको ध्यानाकर्षण गर्न थालेको छ ।

चिनी र चामल फिर्ता नगरेमा सीसीटीभी हेरेर घरमै आएर कारबाही गर्ने स्थानीय प्रशासनले चेतावनी दिएपछि लुटपाटमा संलग्नहरूले सामग्रीहरु फिर्ता गर्न थालेका छन् । कानुनी कारबाही हुने डरले केही व्यक्तिले आफैँ आएर केहीले स्थानीय युवाहरूमार्फत लुटेको चामल र चिनी गोदाममा फिर्ता गर्न थालेका छन् ।

आइतबार रातिसम्म ७१ क्विन्टल चामल र १८ क्विन्टल चिनी फिर्ता भइसकेको छ । तर यो लुटिएको कुल परिमाणको सानो अंश मात्र रहेको छ ।

खाद कम्पनीका अनुसार करिब ११ करोडको क्षति भएको छ, जसमा हजारौँ क्वीन्टल खाद्यान्न, धान, बोरा र कार्यालयका महत्वपूर्ण उपकरणसमेत छन् ।

भर्ना खुल्यो !



विगत १७ वर्ष देखि संचालन मा रहेको जनकपुर कै सवै भन्दा पुरानो नर्सिङ्ग होम द्वारा संचालित केयर मेडिकल सेन्टरमा नर्सिङ्ग, फार्मेसी, ल्याब टेक्निसियन मा वैकल्पिक सूची रहेको विद्यार्थीलाई ५ दिन भित्र यस क्याम्पसमा सम्पर्क गरी भर्ना हुन सुचित गरिन्छ तथा फाराम भर्न छुटेका विद्यार्थीहरुलाई पूनः प्रवेश परीक्षा र भर्नाको लागि समेत जानकारी गराईन्छ ।

नोट :- फाराम भर्ने अन्तिम मिति २०८२/०६/५

फाराम भर्ने स्थान

केयर मेडिकल सेन्टर

सरस्वती स्कुलको पछाडी

सम्पर्क नं. ०४१-५२०४७९, ९८५४०२३०५०

मधेश कृषि विश्वविद्यालय

राजविराज, सप्तरी



कृषि स्नातक (B.Sc. Ag. Hons) तहको प्रवेश परीक्षाको Online आवेदन फारम भर्ने सम्बन्धी सूचना

शैक्षिक सत्र २०८२/०८३ का लागि कृषि संकायमा ४ वर्षे कृषि स्नातक तह (B.Sc. Ag. Hons) मा अध्ययन गर्न आवश्यक न्यूनतम योग्यता पुगेका ईच्छुक विद्यार्थीहरुबाट मिति २०८२/०५/३१ गतेदेखि मिति २०८२/०६/३० गतेसम्म http://entrance.mau.edu.np मा गई Online आवेदन फारम भर्न सूचना प्रकाशन गरिएको छ ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८